का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक १८०
❑ ३१ साउन २०७८, आइतबार
❑ 15 August 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




# अन्ततः फेरि सऱ्यो महाधिवेशन



भदौभित्रै महाधिवेशन गराउनुपर्ने संवैधानिक बाध्यतामा रहेको सत्तारुढ दल नेपाली काँग्रेसको चौधौं महाधिवेशन अन्ततः फेरि सरेको छ । शनिबार बसेको केन्द्रीय कार्य समिति बैठकले मंसिर ९ गतेदेखि महाधिवेशन गर्ने निर्णय गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

क्रियाशील सदस्यता वितरण समस्या हल गर्न नसकेपछि सत्तारुढ दल नेपाली काँग्रेसको महाधिवेशन अन्ततः फेरि सरेको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा बसेको केन्द्रीय कार्य समितिको बैठकले महाधिवेशन सार्ने निर्णय गरेको हो । प्राधिविधिक रुपमै भदौमा महाधिवेशन हुने निश्चित भइसकेपनि शनिबार बसेको बैठकले औपचारिक निर्णय गरेको हो ।

केन्द्रीय सदस्य रामकृष्ण यादवका अनुसार, २ भदौदेखि महाधिवेशन तालिका अगाडि बढ्नेछ। यसअघि संशोधित कार्यतालिका अनुसार २ साउन देखि वडा अधिवेशन शुरु हुनुपर्ने थियो। तर पार्टी प्रवेश गर्नेहरुलाई दिइएको क्रियाशील सदस्यको मापदण्ड लगायत विषयमा विवाद कायमै रहँदा अधिवेशन हुन सकेको थिएन ।

१६-१९ भदौमा तोकिएको महाधिवेशन सर्ने निर्णयसँगै काँग्रेसको महाधिवेशन प्रक्रिया २ भदौबाट शुरु हुनेछ। २ भदौसम्म क्रियाशील सदस्यताको अन्तिम नामावली प्रकाशन हुनेछ। भोलिपल्टै, ३ भदौंमा क्रियाशील सदस्यता विवरण केन्द्रीय सभापतिलाई बुझाइनेछ बाँकी पृष्ठ २ मा

माओवादी कार्यनीति

# काँग्रेससँग गठबन्धन कम्युनिष्टसँग सहकार्य

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३० साउन ।



नेकपा माओवादी केन्द्रले आगामी पुसमा राष्ट्रिय सम्मेलन गर्नेगरी सांगठानिक र राजनीतिक कार्यक्रम ल्याउने तयारी गरेको छ । शनिबार शुरु भएको पूर्ण केन्द्रीय कमिटी बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दीर्घकालीन र अल्पकालीन कार्यनीति सहित राजनीतिक र सांगठानिक प्रतिवेदन पेश गरेका छन् ।

प्रचण्डको राजनीतिक प्रस्तावअनुसार, आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन हुनेछ । त्यसका लागि आगामी भदौ मसान्तभित्र पार्टी सदस्यता नवीकरण तथा वितरण अभियान चलाइनेछ । आगामी असोज १० गते सेल र टोल भेला गर्ने, २० गते वडा सम्मेलन, ३० गते पालिका सम्मेलन गर्ने र कात्तिक ३० गते जिल्ला सम्मेलन गर्ने प्रस्ताव गरिएको छ ।

प्रस्तावअनुसार, आगामी मंसिर १५ गते प्रदेश सम्मेलन गरिनेछ । प्रतिवेदनमाथि छलफल गर्न आठ वटा समूह बनाइएको छ। केन्द्रीय सदस्यहरुको सुझाव समेटेर प्रतिवेदन पारित गरिने प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए । राजनीतिक प्रतिवेदनमा वर्तमान सरकार र राजनीतिक दलहरुसँगको सहकार्यबारे समेत उल्लेख गरिएको छ। राजनीतिक प्रतिवेदनमा वाम लोकतान्त्रिक गठबन्धनलाई आगामी निर्वाचनसम्म लैजाने प्रस्ताव गरिएको छ। 'प्रचण्ड'ले संविधानको रक्षा, प्रतिगमनविरुद्धको लडाई, एवं मुलुकको समस्या समाधानका लागि पनि गठबन्धनको निरन्तरता अत्यावश्यक जोड दिएका छन् । "अहिलेको लोकतान्त्रिक राजनीतिक प्रणाली, प्रणाली, संविधान र राष्ट्रियताको रक्षा गर्दै देशमा आर्थिक समृद्धि, स्थायित्व र सुशासन कायम गर्न निर्माण गरिएको गठबन्धनलाई यहीरूपमा बुझ्ने र आगामी निर्वाचनसम्म कम्तीमा पनि कायम राख्ने पार्टीको नीति हुनेछ", प्रतिवेदनमा उल्लेख छ ।

"प्रतिगमनका विरुद्ध संघर्षकै क्रममा वाम लोकतान्त्रिक गठबन्धन निर्माण भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानमाथि प्रहार गर्दै

> पुनर्स्थापित नेकपा माओवादी केन्द्रको पूर्ण केन्द्रीय कमिटी बैठक शनिबार देखि शुरु भएको छ । पुसमा राष्ट्रिय सम्मेलन गर्नेगरी माओवादीले दीर्घकालीन र अल्पकालीन कार्यनीति यो बैठकबाट पारित गर्ने तयारी गरेको छ ।

प्रतिगमन गर्ने प्रवृत्तिलाई गठबन्धनले पराजित गरेको छ। यसलाई नरुचाउने शक्ति गठबन्धनलाई कमजोर पार्ने र भत्काउन लागिपरेका छन्", प्रतिवेदनमा उल्लेख छ ।

गठबन्धनको संयुक्त सरकारले आफ्नो साझा नीति तथा कार्यक्रमसमेत सार्वजनिक गरेको सन्दर्भ जोड्दै अध्यक्ष दाहालले राजनीतिक प्रतिवेदनमा त्यसलाई सफल कार्यान्वयन गर्न जोड दिने उल्लेख गरिएको छ ।

कोरोना नियन्त्रण, अर्थतन्त्रको पुनरुद्धार, जनताको जीवनस्तरमा सुधार गरी मुलुकमा सुशासन स्थापना गर्नु गठबन्धन र सरकारको प्राथमिकता रहेको रहेको प्रस्तावमा समावेश छ । सरकारलाई जनपक्षीय बनाउँदै सफल बनाउन पार्टीले आफ्नो ठाँउमा लागिपर्ने विषयलाई राजनीतिक प्रस्तावमा विशेष जोड दिइएको छ ।

अध्यक्ष दाहालले एमसिसी, लिपुलेक, कालापानी र लिम्पियाधुराको प्रश्नलाई पार्टीको घोषित नीतिअनुसार कूटनीतिक संवादका माध्यमबाट हल गर्न प्रयत्न गरिने उल्लेख गर्नुभएको छ। आगामी स्थानीय तहको निर्वाचनमा पार्टीलाई विजयी गराउने र सङ्घीय एवं प्रादेशिक निर्वाचनमार्फत देशको नेतृत्वदायी शक्तिका रुपमा स्थापित गर्ने गरी संगठनात्मक कार्य अगाडि बढाउनुपर्नेमा जोड दिइएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विरासत दक्षिणपन्थीले बोक्न नसक्ने भन्दै प्रचण्डले आफ्नै शक्तिमा भरपर्ने क्रान्तिकारी पार्टी निर्माण गर्ने र विचार मिल्ने वामपन्थी शक्तिसँग सहकार्य, मोर्चाबन्दी र ध्रुवीकरण गर्दै नेकपाको विरासत र स्वामित्वसमेत आफ्नो पार्टीले लिने उल्लेख गरेका छन् ।

पार्टी निर्माणको मूल आधार लेनिनवादी सङ्गठनात्मक सिद्धान्त नै भएको ठहर गर्दै अध्यक्ष दाहालले युवा, प्रौढ र ज्येष्ठ उमेर समूहको समूचित सन्तुलन एवं सर्वहार श्रमजीवी वर्ग र उत्पीडित समुदायकाबीचबाट लाखौँ कार्यकर्ता भर्ती गर्नु आजको आवश्यकता भएको बताउनुभएको छ ।

अध्यक्ष दाहालले तत्कालीन नेकपा (एमाले) र आफ्नो पार्टीबीचको पार्टी एकता वस्तुगतरूपमा सही भएको ठहर गर्दै राजनीतिक प्रस्तावमा भनेका छन्, "पार्टी एकता वस्तुत सही हुँदाहुँदै पनि केपी ओलीमा देखा परेका अहंकार, दम्भ र पदलोलुपताजस्ता कारणले नेकपा विघटन हुन पुग्यो ।"

# तीन महिनासम्मलाई पुनः विज्ञापन गर्नु नपर्ने निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

वैदेशिक रोजगारीका लागि आएको मागपत्र अर्थात डिमाण्ड पटक पटक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने वाध्यतालाई वैदेशिक रोजगार विभागले हटाउने भएको छ । वैदेशिक रोजगार ऐन २०६४ को दफा १६ मा विभागमा पेश भएको मागपत्रमा पूर्व स्वीकृति भएपछि म्यानपावर कम्पनीले तोकिए बमोजिमको विवरण खुल्ने गरी कामदार छनोट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा सात दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।

विभागका तत्कालीन महानिर्देशक डा. भिष्म कुमार भुसालको कार्यकालमा पूर्व स्वीकृति प्राप्त डिमाण्डको विज्ञापन प्रकाशित भएपछि विभागको वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमा उक्त विज्ञापन अपलोड गरी कामदार छनोट गर्नुपर्ने व्यवस्था गर्दै छनोट हुन बाँकी हरेक डिमाण्डको पुनः विज्ञापन गर्नुपर्ने निर्णय भएको थियो ।

रोजगारदाताले सेवा शुल्क नदिएमात्र कामदारबाट दश हजार सेवा शुल्क लिएर फ्रि भिसा फ्रि टिकटको प्रावधान अनुसार वैदेशिक रोजगारीमा पठाउनुपर्ने बाध्यतामा रहेका वैदेशिक रोजगार व्यवसायीहरुले पुनः विज्ञापन गर्नुपर्ने व्यवस्थाले आफुहरुलाई अनावश्यक हैरानी र आर्थिक बोझ दिएको भन्दै त्यसलाई परिवर्तन गर्नुपर्ने माग राख्दै विभागका महानिर्देशकदेखि सचिव र मन्त्रीसम्मको ध्यानाकर्षण गराउँदै आएका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा राजनीतिक दल निकट रहेका व्यवसायीहरुका संघसस्थाले यस विषयलाई राजनीतिक नेतृत्वसमक्ष समेत पुऱ्याएका थिए ।

विभागका महानिर्देशक कृष्ण प्रसाद दवाडीको प्रस्तावमा शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एक पटक भएको विज्ञापन अनुसार तीन महिनासम्म पनि कामदार छनोट भएर पठाउन नपाए मात्र पुनः विज्ञापन गर्नुपर्ने निर्णय गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले मध्यान्हलाई बताए ।

महासचिव श्रेष्ठले विज्ञापन प्रकाशित गरेपछि १५ दिनभित्र छनोट सूची विभागको प्रणालीमा अपलोड गर्नुपर्ने बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## अफगानिस्तानबाट फर्कन सूचना

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि अफगानिस्तानमा रहेका नेपालीहरुलाई स्वदेश फर्किन रोजगारदाताहरुले सूचना दिएका छन् । बीबीसी नेपाली सेवाका अनुसार परिस्थिति दैनिकरुपमा बिग्रिरहेको भन्दै आ-आफ्नो प्रवन्ध गरेर स्वदेश फर्किन सूचना दिएका छन् । अफगानिस्तानमा लडाईं चर्केपछि त्यहाँ रहेका नेपालीहरुलाई तत्काल उद्धार गरेर स्वदेश फर्काउन गत बिहीबारको प्रतिनिधिसभाको बैठकमा सत्तापक्ष तथा प्रतिपक्ष दलका सांसदहरुले आवाज उठाएका थिए ।

अमेरिकाले आफ्ना सेना फिर्ता बोलाएपछि हाल विद्रोही तालिबानले अफगानिस्तानका विभिन्न प्रान्तीय राजधानीहरु आफ्नो नियन्त्रणमा लिइरहेका खबर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुमा आइरहेका छन् । बीबीसीले राजधानी काबुलभन्दा बाँकी पृष्ठ २ मा

## एयरपोर्टमा स्वागत र बिदाइमा रोक

**काठमाडौं/मस–** मुलुकमा कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम बढेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले बिदाइका लागि रोक लगाएको छ । वैदेशिक रोजगार तथा अन्य प्रयोजनका लागि जाने आफन्तहरुको बिदाइका लागि नेपालीहरु उत्साहका साथ विमानस्थल जाने गरेका छन् । नागरिक उड्डयन प्राधिकरणले कोरोना संक्रमण बढ्ने क्रममा रहेको भन्दै बिदाइ तथा स्वागतका लागि विमानस्थलमा प्रवेश गर्न निरुत्साहित गरेको बताइएको छ ।

प्राधिकरणले विमानस्थलमा प्रवेश अनुमति पाएकाले अनिवार्यरुपमा मास्क लगाउने, शरीरको तापक्रम नापेर बाँकी पृष्ठ २ मा

# निषेधाज्ञा थप कडाइ गरिँदै

**काठमाडौं/मस–** कोरोना महामारीको संक्रमण बढ्दै गएपछि फेरि स्थानीय प्रशासनहरु मार्फत् देशभर निषेधाज्ञा थप कडाइ गर्न थालिएको छ । दोस्रो लहरको संक्रमण केही कम भएपछि निषेधाज्ञा केही खुकुलो गरिएको थियो । तर फेरि संक्रमण दर बढेर गएपछि राजधानी उपत्यका सहित देशभर नै निषेधाज्ञामा थप कडाइ शुरु गरिएको छ ।

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा अघिल्लो साता (साउन २१-२७) बाटै भेला प्रशिक्षण तथा गोष्ठी अनिवार्य भर्चुअलको माध्यमबाट मात्रै आयोजना गर्न निर्देशन गरिएको छ। यसको अघिको आदेश हेर्ने हो भने २५ जनाभन्दा बढी सहभागी नहुने गरी कार्यक्रम गर्न सकिन्थ्यो ।

यही साउन २८ देखि अगामी भदौ ८ गतेसम्मका लागि जारी आदशेमा यसका अतिरिक्त राति ८ बजेभित्रमा सार्वजनिक तथा निजी सवारी गन्तव्य स्थलमा पुगिसक्नुपर्ने थप आदेश जारी भएको छ। ललितपुरका प्रमुख जिल्ला अधिकारी ढुण्डीप्रसाद निरौला भन्छन्, "राति बीच बाटोमा अलमल गर्ने अवस्था देखियो, यसले भीडभाड बढेको पाइयो, यसलाई रोक्न ८ बजेभित्र नै गन्तव्यमा पुगिसक्नुपर्ने गरी निर्णय गरिएको हो ।"

स्थानीय प्रशासनले मानवीय लापरबाहीका कारण कोभिड-१९ फैलने खतरा रहेको निष्कर्ष निकाल्दै आदेशलाई केही कडाइ गर्न थालेको हो । अन्य विभिन्न दर्जनभन्दा बढी जिल्लाले समेत कडाइ गर्दै निषेधको आदेश जारी गर्न थालिसकेको छ ।

गृह मन्त्रालयका प्रवक्ता फडिन्द्रमणि पोखरेल कोरोना सङ्क्रमण दरमा वृद्धि भएसँगै काठमाडौं ललितपुर, भक्तपुरसहित झापा, इलाम, पर्सा, दाङ, बाँके, सुर्खेतलगायत जिल्लाले आदेशमा केही कडाइ गर्दै थपेको बताउँछन् । उनका अनुसार यसरी आंशिक वा पूर्ण रुपमा आदेश जारी गर्ने ५७ जिल्ला रहेका छन् । मुलुकभर नै निषेधाज्ञामा कडाइ गर्न थालिएको छ ।

कोरोनाको दोस्रो लहर सुरुआत भएलगत्तै गएको वैशाख ७ गते नै सीमित क्षेत्र तोकेर निषेधाज्ञा लगाउने पहिलो जिल्ला बाग्लुङले समेत अघिल्लो हप्ताबाट थप कडाइ गर्न थालेको छ । पछिल्ला दिनमा कोभिड-१९ को सङ्क्रमण वृद्धि हुँदै गएको निष्कर्ष निकाल्दै जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसका आधारमा यही साउन २६ गतेको निर्णयले बिहान १० बजेसम्म मात्र अत्यावश्यक सामग्री खरिद/बिक्रीका लागि समय खुला गरेको छ ।

उक्त जिल्लामा अन्य गतिविधिसमेत बार तोकेर सञ्चालनको अनुमति दिइएको छ । अघिल्लो साता दुई सय जना नयाँ सङ्क्रमित देखिएकामा त्यसको पछिल्लो हप्ता नयाँ सङ्क्रमित पाँच सय पुगेको थियो । त्यसैले अहिले जिल्लामा परीक्षणको दायरासमेत बढाएर नियन्त्रणको बाँकी पृष्ठ २ मा

# शहरको सुन्दरतासँग जोडिएको रुखः ढाकिँदै सडक र फुटपाथ

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३० साउन





रुख, विरुवा रोप्नु नराम्रो कुरा त होइन तर समयमै रुख, विरुवालाई स्याहार सम्भार गर्न सकिएन भने त्यसले ठूलो दुर्घटना निम्त्याउन पनि सक्छ ।

काठमाडौं महानगरभित्र यतिनै रुख विरुवा रोपिएका छन् भन्ने यकिन छैन । दिनहुँ हुर्कदै गएका रुख विरुवाले सडकै ढाकुञ्जेलसम्म पनि महानगरको ध्यान नजानु बिडम्बना हो । चिटिक्क सफा, सुन्दर, चारैतिर हरियाली शहर कसलाई मन पर्दैन र ? त्यस्तो दृश्यले सबैको मन तान्छनै तर केहि सार्वजनिक सम्पति बिग्रियो, नासिँयो भने कसैको ध्यान नजानु के हाम्रो लाचारिपन होइन ? फुटपाथ हरियाली बनाउने महानगरको योजना राम्रै हो तर फुटपाथसँगै प्रत्यक्ष जोडिने मानविय सुरक्षालाई पनि ध्यान दिनुपर्छ ।

उपत्यकाका सडक प्रायः पैदल यात्रुलाई त्यति सहज छैन । कतै फुटपाथ भत्केका, कतै व्यापारीले अतिकमण गरेका, कतै विभिन्न सभा-सम्मेलन भइरहने, कतै मगन्तेहरुले छेकिरहने, कतै सडकमै ब्यापार गरिरहने, कतै अपाङ्ग, दृष्टिबिहिनहरुले बाटो छेकिरहेका, गीत गाइरहेका कतै निर्माण सामग्री थुपारिदिने । यी यावत विषयहरुले फुटपाथ प्रयोग गर्ने बटुवाहरुलाई प्रत्यक्ष असर पुर्‍याइरहेको हुन्छ। फुटपाथ, फुटपाथ जस्तै बन्नलाई साना तथा होचाकद भएका रुखहरुलाई प्रशय दिएर रोप्ने । जथाभावी जसले पायो । उसैले नरोप्ने सम्बन्धित निकाय नगर वा वडाबाट मासिक वा पन्ध्र-पन्ध्र दिनमा अनुगमन गर्ने। बोटबिरुवा हेरचाह गर्ने मानिस राख्ने र केहि भाग बढ्यो भने छाँटकाँट गर्न लगाउने । फुटपाथमा अल्मलिने सबैलाइ निश्चित ठाउँको ब्यवस्था गर्ने आदि गर्‍यो भने व्यवस्थित हुनसक्छ ।

सडकछेउ रुख रोप्ने चलन त पुरानै हो, सडक किनारामा रोपिने रुख बिरुवाले प्रदुषित हावा तानेर स्वच्छ हावा प्रवाह गर्छ । विकशित राष्ट्रहरुमा यो अपरिहार्य छ। विषेशगरी अस्पताल, बैङ्क तथा वितीय संस्था, शैक्षिक संस्था, व्यापारिक कम्पनी आदिले महानगरसँग सहकार्य गरी संस्थाको विज्ञापन झूण्डाएपछि वास्तै नगर्ने पाएको छ । यी संस्थाहरुको उदेश्य सहर सुन्दर र हराभरा भन्दापनि व्यापारिक विज्ञापन गर्नु हो। यसरी गरिएका सम्झौता क्षणिक हुन्छ। उपत्यका भित्र रोपिएका रुख विरुवाहरु प्राय ठूला प्रजातीका छन, यसमा धूपी, कपुर, समी, पिपल, बर, असारे फूल, ज्याकाराण्डा, कल्की, आदी हुन्,यी रुखहरु धेरै ठूला-ठूला हुन्छन् र भएका छन्। रुखहरुले केहि मिटर सडकको हिस्सा ओगटेका छन् ।

राजेन्द्र खत्री उपत्यकाको रिङरोडमा यात्रुवाहक बसका सवारीचालक हुन्। उनले सवारी चलाउन थालेको ७ वर्ष भयो तर आजसम्म ठूला रुखहरुलाई कसैले सम्भार नगरेको उनी बताउँछन् । बरु सानासाना विरुवाहरुलाई स्याहार सम्भार गरिरहेको चाहिँ भेटिन्छ । अघिपछि खासै अप्ठेरो नभएपनि सडक जाम हुँदा खाली सडकको भाग च्याप्नुपर्ने हुन्छ रुखले ओगटेको सडकको भागमा सवारी च्याप्दा कहिलेकाहि यात्रुलाई समेत चोटपटक लाग्ने गरेको बताउँछन् । यस्ता रुखहरुलाई समयमै छाँटकाँट गरिदिए सम्भावित दुर्घटना रोक्न सकिने उनको भनाइ छ ।

अर्का सवारीचालक कृष्णराम कोजुले उपत्यकामा मझौला सवारी माईकोबस चलाउन थालेको ३ वर्ष भयो तर उनलाई चाहिँ रुख बिरुवाले खासै असर नपारेको बताउँछन् । रुख विरुवा रोप्नु आफैंमा न नराम्रो होईन् तर रुख विरुवाको फैलनसक्ने अवस्था हेरेर स्थान छनौट गरेर रोप्यो भने पछि हुने जोखिमहरु कम गर्न सकिन्छ ।

### मापदण्ड सबै वडालाई परिपत्र गरेका छौंः प्रवक्ता डंगोल

महानगरका प्रवक्ता ईश्वरमान डंगोलका अनुसार हरियालीको नाममा विभिन्न संघसंस्थाले महानगरसँग समन्वयनै नगरी रोपेका रुखहरुले फुटपाथमा हिँड्ने बटुवालाई प्रत्यक्ष असर पर्छ । त्यस्ता कुराहरुमा महानगर सचेत पनि छ । अहिले तत्काल पथप्रदर्शकहरुलाइ असर नगरेतापनि दिर्घकालमा असर पर्न सक्छ। दुई, तीन फिटको फुटपाथमा रुख रोप्नु राम्रो पनि होइन । रोप्नै परे खुल्लाक्षेत्र, पार्क, खोलाको किनारा आदि ठाउँहरु छन्। त्यसको लागी महानगरले कहाँ कहाँ स्वीकृति दिने कहाँ नदिने भन्नेबारे नगरको मापदण्ड भित्र पर्छ । कुनै संघसंस्थाले रोप्नचाहेमा महानगरसँग स्वीकृति लिएर रोप्न सकिन्छ । यसको मापदण्ड सबै वडालाई परिपत्र गरिसकेको छ ।

शहर भित्रका सडक वरिपरिका केहि रुखहरु बुढो भएर ढल्नसक्ने अवस्थामा पनि छन् । जोडसँग हावाहुरी आयो भने यस्ता रुख नढल्ला भन्न सकिन्न। केहिवर्ष अगाडी काठमाडौंको शहरमै हावा हुरीका कारण रुख ढलेर सवारीसाधनमा क्षतिभएको थियो । समयमै यस्ता रुखलाई काटेर व्यवस्थापन गर्न सक्यो भने भैपरी आउने क्षतिलाई कम गर्न सकिन्छ ।

यस्ता बुढो भएर ढल्नैलागेका रुख काटेर केहि नयाँ बिरुवा रोपेर फेरि हरियाली बनाउन सकिन्छ। क्षणिक रुपमा केहिसमय नराम्रो र नसुहाउँला तर दिर्घकालिन रुपमा भने यसले धेरै महत्व राख्दछ ।

अहिले मानिसहरु घरका छत छतमा धुँपी, अम्बा, कागती, मुन्तला आदि सानो कदका रुखहरु रोप्न रुचाउँछन् । यसरी रोपेका रुखहरु सुन्दरताको लागी भन्दापनि वातावरणीय हिसाबले राम्रो हो। निषेधाज्ञाको समयमा कतिपय मानिसहरुको दिनचर्या सुतेरै बिताए तर धेरै समय सुतेर बिताउन नसकेपछि खुल्ला स्थानबाट माटो ल्याइ गमला भरी तरकारी फलाएर पनि खाए ।

मानिसहरुमा जागरुकता भयो भने घरै हरियाली बनाउन पनि सक्दो रहेछ । यो एउटा उदाहरण मात्र हो । मानिसले गर्न चाह्यो भने गर्न नसकिने केहि छैन । शहरमा अरुको मुख ताक्ने चलन बढी छ। अझ भनौं भने स्वार्थी बन्ने स्वभाव बढ्दै गइरहेको छ । यो स्वार्थी बन्ने स्वभावले भोलीको पुस्ताको भविष्य के होला ? यो सोचनिय विषय हो ।

मानिसहरु व्यस्तताको बाबजुंद पनि संगठित भएर टोल छिमेकमा सकारात्मक प्रभाव पार्ने खालको जनचेतनामूलक क्रियाकलापहरु गर्न सकियो भने टोल छिमेक जागरुक हुन्छ र छिटै त्यस्को प्रभाव जनमानसमा पर्न जान्छ र सकरात्मक सन्देश प्रवाह हुन्छ ।

रुख विरुवा, हावापानी, माटोसँग जोडिएको हाम्रो जीवन वातावरणसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । त्यसैले वातावरण जोगाउनु हाम्रो पनि कर्तब्य हो । अहिलेका यूवापुस्ताहरु आफ्नो दैनिक जीवनयापनमा मात्र केन्द्रित भइरहेका छन् । सामाजिक क्रियाकलापमा त्यति यूवाहरु अग्रसर देखिँदैनन् । अभिभावकहरु पनि आफ्ना बालबालिकाहरुलाइ सामाजिक कृयाकलापमा लगाउँदैनन् । आजका यूवावर्ग नै भोलीका कर्णधार हुन् । हरेक अभिभावकले आजैदेखि प्रण गरौं आफ्नो बालबालिकालाई थोरै समय भएपनि सामाजिक कार्यमा लगाऔं र आफ्ना बालबालिका प्रति उत्तरदायी बनौं ।

समस्याबाट नै समाधान निस्कने हो । महानगरका प्रवक्ता डंगोल भन्छन्, 'टोल टोल मिलेर वडा बन्ने हो भनेजस्तै सबै मानिस जिम्मेवार बन्नुपर्छ । समस्या नदेखेसम्म समाधान हुन्न । टोल, वडा कहाँ समस्या भएको छ ? जानकारी भयो भने समाधान गर्न सजिलो हुन्छ। त्यसको लागी नागरिक सचेत हुन जरुरी छ ।

समाजका हर समस्या टोलबासीले नै समाधानको बाटो खोज्ने र नसकेमा सम्बन्धित निकाएमा खोज्न सकिन्छ । टोलबासी जागरुक भयोभने समस्याको समाधान तत्काल गर्न सकिन्छ ।' सफासुघर, शान्त, हरियाली वातावरण, नै टोलबासीको मुख्य चाहना हो । त्यसको लागी टोलबासी पनि जागरुक हुन आवश्यक रहेको प्रवक्ता डंगोल बताउँछन् ।

# नेपाली मजदुर एकता समाज मलेसिया समितिमा निर्विरोधका लागि छलफल जारी

**प्रकाश भुसाल/मध्यान्ह**
मलेसिया, ३० साउन




मलेसियास्थित नेपाली मजदुर एकता समाज मलेसिया समितिको अधिवेशनमा नया' नेतृत्व छनौटका लागि उम्मेद्वारी दिने क्रम सकिएको छ । जस अनुसार अध्यक्ष पदका लागि जोहरबाट अर्जुन सिंह अनुरागी, उपाध्यक्ष पदका लागि सैलेश सौगात, महासचिव पदका लागि अर्पण मगर 'बुद्ध', सचिव पदका लागि सिंग बहादुर मोक्तान र लाल बहादुर ओली, कोषाध्यक्ष पदका लागि विशाल श्रेष्ठ र सह-कोषाध्यक्ष पदका लागि प्रेम बिष्ट 'अन्जान' को उम्मेद्वारी परेको छ ।


यसैगरी सञ्चार बिभाग प्रमुख पदमा भिम लुहार र सदस्यमा भागिराम बुढाथोकी, हरि बहादुर सिंह, निर्मल खवासलगायतरो उमेदवारी परेको बुझिएको छ । साउन ३१ गते तदनुसार ३० अगष्ट आइतबार हुन गैरहेको अधिवेशनमा हुने निर्वाचनका लागि तिलोचन गौतमको संसोजकत्वमा आरएन चौधरी थारु र रेश्माकला राई सदस्य रहेको निर्वाचन समिति गठन गरिएको छ ।

निर्वाचन समितिले उम्मेद्वारहरुको अन्तिम नामावली भने सार्वजनिक गरिसकेको छैन । सबै पदहरुमा सकेसम्म निर्विरोध गराउन छलफल भैरहेका समाजका बर्तमान अध्यक्ष राम प्रसाद सुवेदीले मध्यान्हलाई जानकारी दिए ।

यसैबीच अध्यक्ष पदका लागि उम्मेदवारी दिएका सिंहले सबैको साथ सहयोग रहन गएमा मलेसियाका सम्पूर्ण संघ संस्थासँग सहकार्य गरेर मलेसियामा दुःखमा परेका नेपाली श्रमिक दाजुभाइ दिदीबहिनीहरुलाई आपतकालीन अवस्थामा रहनको लागि आपतकालीन आवासको ब्यवस्थापन गर्ने प्रकिवद्धता ब्यक्त गरेका छन् । साथै उनले समस्यामा रहेका श्रमिकहरु सहज रुपमा नेपाली दूतावास जान सक्ने वातावरण सिर्जना गर्ने भन्दै मलेसियाका विभिन्न क्षेत्रमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने बताए ।

मजदुरका लागि मजदुर भन्ने मुल नारा, उद्देश्य र गैरसरकारी, गैरराजनीतिक तथा गैरमुनाफामुखी रहने प्रतिबद्धता सहित नेपाली मजदुर एकता समाज दुई वर्ष अगाडि स्थापना भएको हो ।

# पाल्पामा बाबुले हानेको बन्दुकको गोली लागेर छोराको मृत्यु



**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ३० साउन

पाल्पाको रिब्दीकोट गाउँपालिका-६,मा एक व्यक्तिले भरुवा बन्दुकले स्याललाई मार्ने क्रममा आफ्नै छोराको मृत्यु भएको छ । रिब्दीकोट गाउँपालिका-६, तल्लो ताल बस्ने ५६ वर्षका कर्णबहादुर लम्तरीले घर नजिकैको बारीमा आएको स्याललाई मार्ने क्रममा एक्कासी भरुवा बन्दुकले टाउकोमा लागेर आफ्नै ३५ वर्षका छोरा धनबहादुरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

प्रहरीका अनुसार शुक्रबार घरदेखि १०० मीटर परको जंगलमा स्याल मार्ने क्रममा बन्दुकको गोली टाउकोमा लागेर छोराको मृत्यु भएको हो ।प्रहरीले बुवा कर्णबहादुर र घटनामा प्रयोग भएको बन्दुक नियन्त्रणमा लिएर अनुसन्धान कार्य अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रामेश्वर त्वातीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

## अन्ततः...

भने ४ भदौंमा क्रियाशील सदस्यताको विवरण सार्वजनिक गर्ने बैठकले निर्णय गरेको छ। अधिवेशन भने १८ भदौदेखि शुरु हुनेछ । गाउँ/नगर वडा अधिवेशन भदौ १८, गाउँ/नगर अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते, एक भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० र प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्मका लागि तोकिएको छ ।

केन्द्रीय महाधिवेशन भने मंसिर ९ देखि चार दिन चल्नेछ । बुढानिलकण्ठमा बसेको बैठकले महाधिवेशनको मिति सार्ने निर्णय सर्वसहमतिले गरेको हो । अर्थात् काँग्रेसले संवैधानिक व्यवस्था अनुसार, साढे पाँच वर्षमा पनि महाधिवेशन गर्न सकेन। २३ भदौमा काँग्रेसको महाधिवेशन भएको साढे पाँच वर्ष पुग्छ । काँग्रेसको विधानअनुसार, चार वर्षमा महाधिवेशन हुनुपर्थ्यो । संविधानले पनि पाँच वर्षभित्र महाधिवेशन गराइसक्नुपर्ने र विशेष अवस्थामा ६ महिना थप्नुपर्ने व्यवस्था गरेको छ। तर काँग्रेसको विधान र संविधानको व्यवस्था अनुसार महाधिवेशन हुन सकेन । संविधानको सोझो प्रावधानअनुसार हुन नसकेको महाधिवेशन भदौं १८ बाट शुरु हुँदैछ । वडा अधिवेशन शुरु भएकाले यसैलाई महाधिवेशन शुरु भएको मानेर काँग्रेसले वैधानिकता जोगाउन खोजेको देखिन्छ । यस बाहेक सर्वोच्च अदालतले दिएको फैसलालाई आधार मानेको देखिन्छ। किनकि कोरोना महामारीका कारण चार महिनालाई शून्य समय मानिएकाले काँग्रेसले त्यो समय पाउने नेताहरुले दावी गर्दै आएका छन् । "सर्वोच्च अदालतको पूर्ण इजलासले नै चार महिनालाई शून्य अवधि मानेको छ । त्यो समय काँग्रेसको राजनीतिक जीवनमा पनि लागू हुन्छ", नेता रामहरी खतिवडा भन्छन् ।

## तीन ...

प्रावधान परिमार्जन भई एक पटक विज्ञापन भएको डिमाण्डमा तीन महिनासम्म त्यसले मान्यता पाउने, छनोट भएको उम्मेद्वार वैदेशिक रोजगारीमा नगएमा म्यानपावर कम्पनीले नै हटाउन पाउने लगायतको निर्णय भएको जानकारी आएको बताए ।तत्कालीन महानिर्देशक डा. भुसालको कार्यकालमा वैदेशिक रोजगारमा जान नचाहेका कामदारले विभागमा निवेदन दिएमात्र उम्मेद्वारको नाम रद्द हुने व्यवस्था थियो ।

## अफगानिस्तानबाट...

दश किलोमिटर टाढाका प्रान्तीय राजधानीमा तालिबान लडाकुहरु आइपुगेका र राजधानी छिर्ने क्रममा सरकारी सेनासँग भिषण र निर्णायक लडाईं हुनसक्ने आंकलन गरिएको उल्लेख गरेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार हालसम्म अफगानिस्तानमा रोजगारीमा जानका लागि १३ हजार ९ सय ९० जनाले श्रम स्वीकृति लिएका छन् भने गत वर्ष मात्रै १ हजार ७३ जनाले श्रम स्वीकृति लिएर गएका थिए । नेपालबाट शुरूमा कतार र यूएईलाई आधार बनाएर युवालाई लगिने र त्यहाँबाट मानव तस्करहरुले विमानस्थलका कर्मचारीसँग सेटिङ मिलाएर अफगानिस्तान पठाउने गरेका छन्। कतिपय रोजगारदाताले भारतले गर्ने उद्धार उडानमा नेपालीलाई पनि फिर्ता लैजान आग्रह गरेको बताइएको छ ।

सन् २०१६ मा अफगानिस्तानमा भएको आत्मघाती विष्फोटमा करिब डेढ दर्जन नेपाली सुरक्षागार्डको मृत्यु भएको थियो । सरकारले भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासले अफगानिस्तान मामिला हेर्दै आएको छ । सार्वजनिकरुपमा अफगानिस्तानमा रहेका नेपाली सुरक्षित नै रहेको बताएको दूतावासले परराष्ट्र मन्त्रालयमा परिस्थिति प्रतिकुल रहेको आन्तरिक रिपोर्ट पठाएको बताइएको छ ।

## एयरपोर्टमा...

मात्रै टर्मिनल भवनमा प्रवेश गर्ने, अनिवार्यरुपमा भौतिक दुरी कायम गरी अनिवार्य सेनीटाइजर प्रयोग गर्न पनि आग्रह गरेको छ ।

## निषेधाज्ञा....

काम तीव्र पारिएको निमित्त प्रजिअ गणेश गौतमले जानकारी दिनुभयो । दोस्रो लहरका समयमा सबैभन्दा प्रभावित भएको बाँके जिल्लामा वैशाख १३ गते निषेधाज्ञा जारी गरिएको थियो । बाँके दोस्रो लहरको कोरोना सङ्क्रमणका बेला निषेधको आदेश जारी गर्ने दोस्रो जिल्ला हो

यसपछि तेस्रो नम्बरमा (वैशाख १४ गते) निषेधको आदेश जारी गर्ने सुर्खेत जिल्लामा पनि कोरोनाको सङ्क्रमण बढ्दै गएको निष्कर्ष निकाल्दै आदेशलाई केही कडाइ गर्न थालिएको छ ।

झापा जिल्ला अझै एक कदम अघि बढेर आदेश जारी गरेको छ । साउन ३२ सम्म जारी आदेशमा अत्यावश्यक बाहेकका सवारी साधन सञ्चालनमै रोक लगाइएको छ । चितवनमा पनि सङ्क्रमितको सङ्ख्या र सङ्क्रमण दर वृद्धि भइरहेकाले अत्यावश्यक काम नपरी बाहिर ननिस्कन स्थानीय प्रशासनले अनुरोध गरिसकेको छ ।

## बझाङ डायरी
**तरूणा जोशी/मध्यान्ह**

# बझाङका ४३ हजार बढी नागरिकले लगाए कोरोनाविरुद्धको खोप

बझाङका ४३ हजार बढी नागरिकले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । जिल्लाका ४३ हजार ७ सय २९ जना नागरिकले कोरोना भाइरस विरुद्धको विभिन्न खोपको पहिलो मात्रा लगाएका हुन् । गत वर्षको माघ १४ गतेबाट बझाङका १२ वटै स्थानीय तहमा खोप लगाउन सुरु गरिएको थियो । स्वास्थ्य कार्यालय बझाङका अनुसार हालसम्म भेरोसिल खोपको पहिलो मात्रा लगाउने २० हजार ५ सय जना र कोभिसिल्ड खोपको पहिलो मात्रा लगाउने १७ हजार ९ सय ४९ जना रहेका छन् ।

त्यस्तै भेरोसिलको दोस्रो मात्रा २४ सय ९६ जना र कोभिसिल्डको दोस्रो मात्रा २७ सय ८४ जनाले लगाएको स्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लामा हालसम्म ८० प्रतिशत लक्षीत समुहले खोप लगाएका छन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख भानुभक्त जोशीका अनुसार अहिले नै कसैले आत्तीनु पर्ने अवस्था नरहेको भन्दै खोप अभियान निरन्तर रहने हुँदा सबैले बिस्तारै खोप पाउने बताए। साथै साउन २९ र ३० गते जिल्लाका १२ वटै स्थानीय तहका ४८ खोप केन्द्र जोन्सन खोप अभियान सञ्चालन भएको छ ।

# बझाङमा दैनिक विद्युतभार कटौतीले उपभोक्ता मारमा

बझाङमा दैनिक भइरहेको विद्युत भार कटौतीले उपभोक्ता मारमा परेका छन् । विशेषगरी यहाँका मिल तथा इलेक्ट्रोनिक व्यवसायी बढी मारमा परेको एम डि फर्निचर उद्योगका व्यापारी दिनेश नेपालीले बताए । मिनेट मिनेटमा बिजुली बत्ती आउने र जाने समस्याले स्थानीयले दुःख पाइरहेको विद्युत प्राधिकरणमा गुनासो गर्दा पनि सुनुवाइ नभएको यहाँका व्यवसायीहरुले गुनासो गरेका हुन् । बझाङमा राष्ट्रिय प्रसारण लाइन जोडिएको भएपनि हावा चल्ने र पानी पर्ने बित्तिकै बत्ति जाने गरेको छ ।

विद्युत अनियमितताका कारण एफएम रेडियो, उद्योग, बैंक तथा सरकारी कार्यालयमा असर पुगेको सनराइज बैकका कर्मचारी लक्ष्मण सिंहले मध्यान्हलाई जानकारी दिए । दैनिक विद्युत कटौतीले बैंकमा आउने सेवाग्राहीलाई समस्या हुने गरेको छ, खाता खोल्नदेखि रकम भुक्तानीमा समेत समस्या हुने गरेको सिंहले बताए ।

विद्युत क्षणमा आउने क्षणमा जाने हुँदा वैकल्पिक ऊर्जाका रुपमा प्रयोग गरिने जेनेरेटर पनि खोल्ने र बन्द गर्ने अनावश्यक सास्ती मात्रै भइरहेको मिल व्यवसायी रामचन्द्र बोहराले बताए । उनले भने, 'मिलमा पिठो तथा तेल पेल्न राखिएको हुन्छ त्यसैबेला बत्ती जान्छ जेनेटर खोलौंभन्दा बत्ती आउँछ, बन्द गर्दा विद्युत् जान्छ, दैनिक निकै समस्या भएको छ ।'

यता विद्युत् कार्यालय बझाङका प्रमुख हरेन्द्र यादवले वर्षासँगैको हावाहुरीका कारण पुराना विस्तार गरिएका विद्युत तारमा रुखका हाँगा लाग्ने र फल्ट बढी हुने भएका कारण विद्युत अनियमितता भएको र यो समस्या चाँडै समाधान गर्नतर्फ पहल भइरहेको बताए ।

# गण्डकीमा प्रमुख प्रतिपक्षी दल एमालेले बनायो छाया सरकार

माधव पराजुली/मध्यान्ह
पोखरा, ३० साउन

गण्डकी प्रदेशमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले छाया सरकार गठन गरेको छ । प्रदेश सरकारले गरेका अनियमितता तथा अन्य कामहरुको सुक्ष्म निगरानी र दबाव सृजना गर्न एमालेले छाया सरकार गठन गरेको हो । एमाले संसदीय दल अन्तर्गतको संसदीय बोर्डको बैठकले ११ मन्त्रालय हेर्ने गरी ९ वटा संसदीय समूह बनाएको छ । ती समितिले विषयगत मन्त्रालयका कार्य प्रगति हेर्नेछन् । गण्डकी प्रदेशमा ११ मन्त्रालय रहेका छन् । एमालेले गठन गरेको ९ समितिले सबै मन्त्रालयको काम हेर्ने गरी संसदीय समूह बनाएको हो ।



भौतिक पूर्वाधार, विकास तथा यातायात समूहको संयोजक पूर्वमन्त्री रामशरण बस्नेत छन् । सो समुहको सदस्यमा रोशन गाहामगर र प्रभा कोइराला रहेका छन् । सामाजिक विकास समूहमा पुर्वमन्त्री नरदेवी पुन मगरको संयोजकत्वमा जनकलाल श्रेष्ठ र इन्द्रधारा विष्ट सदस्य छन् । उद्योग, पर्यटन, वन तथा वातावरण समूहको संयोजकमा पूर्वमन्त्री विकास लम्साल तथा सदस्यहरुमा रामबहादुर गुरुङ र लक्ष्मी सुनार रहेका छन ।

कानुन, सूचना सञ्चार, प्रदेश मामिला समूहको संयोजक चन्द्रमोहन गौचन छन् भने सदस्यमा पुष्पा केसी भण्डारी चुनिएकी छन् । इन्द्रलाल सापकोटाको नेतृत्वमा गठित अर्थ समूहको सदस्यमा कृष्णबहादुर थापा रहेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् समूहको संयोजकत्व मोहनप्रसाद रेग्मीले गर्ने र मायानाथ अधिकारी र मीना गुरुङ त्यसको सदस्य रहेका छन । मनबहादुर गुरुङ, महेन्द्र थकाली सदस्य रहेको भूमि, व्यवस्था,कृषि समूहको नेतृत्व मित्रकुमारी गुरुङले गर्नेछिन् भने ऊर्जा, खानेपानी समूहको संयोजक मीनप्रसाद गुरुङ बनेका छन् । यो समुहको सदस्य धनञ्जय दवाडीलाई बनाइएको छ । स्वास्थ्य, जनसंख्या, युवा तथा खेलकुद समूहको संयोजकत्व राजीव पहारीलाई दिइएको छ । समूहको सदस्यमा जूनादेवी नेपाली र सावित्रा राना मगर छन् ।

नेपालमा २०४८ मा तत्कालीन एमालेले छाया सरकार बनाएको थियो । त्यसपछि छायाँ सरकारले निरन्तरता पाउन सकेको थिएन । केहीँ समय अगाडी नेपाली काङग्रेसले पनि संघमा छाया सरकार बनाएको थियो । संसदीय व्यवस्था भएको मुलुकमा छाया सरकार बनाउने प्रचलन भएको र त्यसले सरकारले गरेका अनियमितता देखि हरेक विकास निर्माणका कामहरुको प्रगति तथा समानान्तर योजनाको बाडफाँड सम्मको कामलाई गहिरो गरि हेर्ने पूर्व मन्त्री विकास लम्सालले मध्यान्हलाई बताए । उनका अनुसार छाया सरकारको काम सरकारले गरेका नराम्रा कामहरुको सशक्त प्रतिकार गर्ने हुनेछ ।

गण्डकी प्रदेशमा एमाले नेतृत्वको सरकार जेठ २७ गते ढलेको थियो । एमाले संसदीय दलका नेता पृथ्वीसुब्बा गुरुङले संसदमा विश्वासको मत नपाएपछि कांग्रेस नेतृत्वको चार दलीय गठबन्धनको तर्फबाट कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बनेका थिए ।

# गुटबन्दी तथा आन्तरिक शक्ति संघर्षको परिपाटी गलत : डा. महत

प्रविण थपलिया/मध्यान्ह
काठमाडौं, ३० साउन



नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले व्यक्तिगत स्वार्थ, गुटबन्दी र व्यवस्थापनको समस्याका कारण चार वर्षमा हुनुपर्ने महाधिवेशन साँढे पाँच वर्ष बितिसक्दा पनि हुन नसकेकोमा असन्तुष्टी जनाउँदै जतिसक्दो छिटो महाधिवेशन गरि नुपर्ने बताएका छन् ।

अन्य प्रजातान्त्रिक मुलुकमा फरक फरक पार्टीहरु बीच शक्ति संघर्ष हुने गरेपनि नेपालमा आफ्नै पार्टी भित्र गुटबन्दी र शक्ति संघर्ष चलिरहेको कारण नेपाली कांग्रेसको क्रियाशील सदस्यता वितरणमा विवाद देखिएको डा. महतको भनाइ रहेको छ ।

साँढे पाँच वर्षमा पनि अधिवेशन हुन नसके संविधान विपरित हुने भन्दै सबैलाई व्यक्तिगत स्वार्थ, गुटबन्दी तथा आन्तरिक शक्ति संघर्ष छाडेर आपसी सहमतिका आधारमा उपयुक्त व्यक्तिको छनोट गर्नुपर्ने डा. महत बताउँछन् । सहमति हुन नसक्ने केही ठाउँमा निर्वाचन गरिनुपर्ने महतले बताए । 'पार्टी भित्र संघर्ष गर्नु उचित होइन', डा. महतले भने, 'एकता कायम गरेर नै अघि बढ्नुपर्छ ।'

शनिबार काठमाडौंको जालपा चोक स्थित कफी भट्टिमा नुवाकोट शिवपुरीका नेपाली कांग्रेस समर्थक युवाले आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा बोल्दै डा. महतले व्यक्तिगत स्वार्थ र गुटबन्दीको राजनीति छाडेर आफ्नो दायित्व र जिम्मेवारी पुरा गर्न नेपाली कांग्रेससँग आबद्ध भातृ संगठनलाई सुझाब दिएका छन् ।

त्यस्तै, नुवाकोटमा पुर्वाधार विकासका क्षेत्रमा भएका काम मध्ये ८० प्रतिशत काम नेपाली कांग्रेसको नेतृत्वमा भएको भन्दै देशको विकास हुन अर्थतन्त्रमा सुधार गरिनुपर्ने, गरिबीको अन्तय हुनुपर्ने तथा व्यवसायको विकाश हुनुपर्ने भन्दै आफू जुन पेशा व्यवसाय अपनाउँदै आएको हो त्यसै पेशा व्यवसाय मार्फत आर्थिक विकास गर्न सके देश समृद्धीको पथमा अगाडि बढने डा. महतले बताए ।

डा. महतले लोकतन्त्र र संघियतालाई फलाउन फुलाउन आर्थिक विकासमा जोड दिनुपर्ने भएकाले आफ्नो-आफ्नो क्षेत्रमा अघि बढ्न कार्यकर्तालाई सुझाव दिएका छन् ।नुवाकोट शिवपुरीका नेपाली कांग्रेसका युवा नेता हरि दुलालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नुवाकोट घर भई हाल काठमाडौं बसोबास गर्दै आएका नेपाली कांग्रेस समर्थक कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# नेपाली महिला समाज कतारको राष्ट्रिय भेला सम्पन्न, अध्यक्षमा भण्डारी

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ३० साउन

नेपाली महिला समाज कतारको चौथो राष्ट्रिय महिला भेला सम्पन्न भएको छ । भेलाले सरिता पौडेल भण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।समाजकी का.वा. अध्यक्ष अमिना खानको सभापतित्व तथा एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

शुक्रबार सम्पन्न भेलामा कतारमा स्थापित बिभिन्न संघ संस्था प्रमुख, सामाजिक व्यक्तित्वहरूलगायत महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो । विधिवतरूपमा उद्घाटन पश्तात उपाध्यक्ष जानुका बस्नेतको स्वागत मन्तव्यबाट शुरु भएको भेलामा विभिन्न संघ संस्थाका तर्फबाट विभिन्न व्यक्तित्वहरूले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले कतारमा एकलरुपमा रहेको महिला समाजको खुलेर प्रशंसा गर्दै विगतका केही कमीकमजोरीलाई सुधारेर नयाँ समिति थप सक्रिय बन्ने विश्वास व्यक्त गरेका भएको थिए । भेलामा बिभिन्न कलाकारहरू, संघ, संस्था, पत्रकार तथा बिभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा समाजकी महासचिव अम्बिका खत्रीले कार्य प्रगति तथा आयव्यय विवरण प्रस्तुत गरेका थिइन् ।

भेलामा बोल्दै प्रमुख अतिथि मुक्तदाले पुरानो कार्यसमितिले सक्रिय रूपमा काम गरेको आफूले प्रत्यक्ष देखेको बताउँदै समाजको नयाँ कार्यसमितिले विगतमा झैं एनआरएनएसँग समन्वय तथा सहकार्य गर्न आग्रह गरे । महिला समाजलाई हरेक किसिमको सहयोग गर्न आफू र आफ्नो संस्था प्रतिबद्ध रहेको बताउँदै मुक्तदाले कतार रोजगारीको सुरक्षित गन्तव्य रहेको र यहाँ रहेका सबै महिलाहरू सुरक्षित रहको हुँदा निर्धक्क भएर सामाजिक कार्यमा लाग्न आग्रह गरे ।

दुई चरणमा सम्पन्न कार्यक्रम अन्तर्गत पहिलो चरण अर्थात् खुल्ला शत्रको समापन गर्दै सभापति खानले समाज स्थापना तथा संचालनमा विविध समस्या तथा अड्चनहरुलाई चिर्दै अनवरत अगाडी बढेको स्मरण गरिन् । कतारमा महिलाहरूले संस्था सञ्चालन गर्दा भोग्नु परेका बिभिन्न सकसलाई चिर्न त्यति सहज नभएको उल्लेख गर्दै उनले विभिन्न उतारचढाव पार गर्दै आजको दिन प्राप्त गर्न सकेकोमा सबैले गर्व गर्नु पर्ने बताइन् ।



दोस्रो चरण अन्तर्गत बन्द सत्रवाट सरिता भण्डारी पौडेलको अध्यक्षतामा प्रथम उपाध्यक्ष माया केसी, द्वितीय उपाध्यक्ष सानोवर जहान, तृतीय उपाध्यक्ष अप्सना खान, महासचिव कामना केसी, सचिव सन्ध्या अर्याल, कोषाध्यक्ष सरिता चिलवाल पोखरिया, सह कोषाध्यक्ष मेनुका खतिवडा चयन भएका छन् । त्यस्तै कार्यसमितिका सदस्यहरूमा रमा चापागा'ई, अम्बिका गौतम शर्मा, सिर्जना श्रेष्ठ, जमुना श्रेष्ठ, मिना थापा क्षेत्री, वृन्दा थापा, सुचित्रा शर्मा, गीता पुन मगर, मालती न्यौपाने, जानु कुमारी थापा मगर, एन्जिला देवकोटा, सन्ध्या खनाल, देवी कुमारी थापा मगर, चन्द्रा शर्मा र शुष्मा खतिवडा कटुवाल निर्विरोध निर्वाचित भएका छन् । नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिका संयोजक एनआरएनए आइसिसी सदस्य रमेश भट्टले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । शपथ ग्रहण पश्चात् बोल्दै नवनिर्वाचित अध्यक्ष भण्डारीले सबैसँग सहकार्य गर्दै सामाजिक कार्यमा दत्तचित्त भएर बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।


**लिक्वीडेसन खारेजीको ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/१४ मा दर्ता भएको **प्रा.लि. नं. १७४१५६** को **इन्सपाइर होटल एण्ड रिसोर्ट प्रा.लि.**को मिति २०७८/०४/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९
ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**योजना तथा अनुगमन महाशाखा**
**योजना, अनुगमन तथा मुल्यांकन शाखा**
**चाकुपाट, ललितपुर**

**सुर्खेत वीरेन्द्रनगर न. पा. १४ गढी वराहताल कार्यपालिका कल्याणगढ छाप्रे दोबाटा रेक्चा धनरास बेनिघाट सडक (चेनेज:0+000 देखि १०२+१३३), सुर्खेत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०७८/०४/३१ गते)**

कर्णाली प्रदेश को सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, बराहताल गाँउपालिका, पंचपुरी नगरपालिका र चौकुने गाउँपालिकाहरुमा योजना अनुगमन तथा मुल्यांकन शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **योजना अनुगमन तथा मुल्यांकन शाखा**<br>**योजना तथा अनुगमन महाशाखा**<br>**सडक विभाग**<br>ठेगानाः चाकुपाट, ललितपुर, नेपाल<br>टेलिफोन नम्वरः ०१-५००५५२२, ईमेलः pmeu@dor.gov.np, वेबसाइटः dor.gov.np |
| **प्रस्तावको व्यहोराः** | प्रस्तावित सुर्खेत वीरेन्द्रनगर नगरपालिका १४ गढी-वराहताल कार्यपालिका-कल्याणगढ-छाप्रे-दोबाटा-रेक्चा-धनरास-बेनिघाट सडक, सुर्खेत सडक आयोजना सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका १४ (०+००० चेनेज) बाट सुरु भइ सोहि जिल्लाको बरहताल गाँउपालिका र पंचपुरी नगरपालिकालाई जोड्दै चौकुने गाँउपालिका वडा नम्बर ३ (१०२+१३३) मा समाप्त हुन्छ । प्रस्तावित सडकको कुल लम्बाई १०२.१३३ किलोमिटर रहेको छ, जसमा १९ कि.मि नयाँ निर्माण हुने र बाँकी ८३.१३३ कि.मि स्तरोन्नति गरिने छ । प्रस्तावित सडकको चेनेज ०+००० देखि ३६+०८० खण्ड नाली बाहेक सडकको चौडाई ९ मिटरको हुनेछ भने चेनेज ३६+०८० देखि १०२+१३३ खण्ड नाली बाहेक सडकको चौडाई ८.५ मिटरको हुनेछ जसमा क्यारेज चौडाई ७ मिटर र सोल्डर चौडाई सडकको दाँया/बाँया १/१ मिटरको (चेनेजः ०+००० देखि ३६+०८०) र ०.७५/०.७५ मिटर (३६+०८० देखि १०२+१३३) हुनेछ । प्रस्तावित सडक दोहोरो बिटुमिनस सतह (DBST) को कालो पत्रे स्तरमा निर्माण गर्न लागिएको हो । यस सडकको सीमा (RoW) सडकको बीच रेखा देखि १५ मिटर दाँया १५ मिटर बाँया गरी जम्मा ३० मिटरको रहेनछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह र वार्ड** | कर्णाली प्रदेशको सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका को वडा न. १, ४, र १४, बराहताल गाउँपालिकाको वडा न. ५, ६, ७, ८, ९, र १०, पंचपुरी नगरपालिकाको वडा न. १, ४, ६, ७, ८, र ९ र चौकुने गाउँपालिकाको वडा न. ३, ४, ५ र ६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| योजना अनुगमन तथा मुल्यांकन शाखा<br>योजना तथा अनुगमन महाशाखा<br>सडक विभाग<br>ठेगानाः चाकुपाट, ललितपुर, नेपाल<br>टेलिफोन नम्वरः ०१-५००५५२२,<br>ईमेलः pmeu@dor.gov.np | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमान्डौ<br>फोन नः ०१-४२११७३२/४२११९३१<br>ईमेलः info@mopit.gov.np<br>वेबसाइटः mopit.gov.np | जियोकम इन्टरनेश्नल प्रा. लि. - टेक स्टुडियो अफ इन्जिनियरिङ प्रा. लि. - ड्रिम जियो ल्याब प्रा. लि. जे. भि.<br>सानेपा - ०२, ललितपुर<br>इमेलः geocomnc@gmail.com<br>सम्पर्क नंः ०१- ५१५३०५४ |

वेबसाइटः dor.gov.np

**BIJAYNAGAR RURAL MUNICIPALITY**

**Office of the Rural Municipal Executive**

Khuruhuriya Kapilvastu
Lumbini Province, Nepal

**INVITATION FOR BIDS**

**(Date of Second Publication: 15th August 2021)**

The Bijaynagar Rural Municipality invites electronic bids for Optical Fiber delicate VPN line with International Bandwidth 19 MB and 95 MB local bandwidth for annual internet connection with installation, Testing and commissioning at Head office, Ward office and Office Branch as below.

| S.N | Details | Estimated Amount for installation and annual charge of bandwidth (Including VAT NRS) | Bid Security Amount(Nrs.) | Fee of Bid Document | Bidding Process |
|---|---|---|---|---|---|
| 1 | (01/SQ/INTERNET/BRM/078-079) Internet Connectivity and Installation at Head office, Ward office and Office Branch | 16,51,382 | 41,500 | 1,000 | Seal Quotation |

1. Eligible Bidders may obtain further information and inspect the Bidding documents at the office of Bijaynagar Rural Municipality, Khuruhuriya, Kapilvastu or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank: Parbhu Bank Ltd**
   **Account Name: GA-1.1 ANTARIK RAJESWA KHATA (For Bid Document fee)**
   **Account Number: 1410107150500111**
   **Account Name: GA-3 DHARAUTI KHATA (For Bid Security)**
   **Account Number: 1410107150500036**
3. A complete set of Bidding Documents may be purchased from the office Bijaynagar Rural Municipality, Khuruhuriya, Kapilvastu by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance and upon payment of a non-refundable fee of Rs. 1000 till 29th August 2021 before 5 PM.
4. Electronic Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 PM on 30th August 2021.Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2:00 PM on 30th August 2021 at the office of Bijaynagar Rural Municipality,Khuruhuriya,Kapilvastu. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 41,500 (Forty one Thousand Five Hundred only) which shall be valid for 45 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission fails on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All other condition of the bidding process will be per the public procurement act 2063 and public procument regulation 2064
8. Any amendment in the notice shall be in the notice board at Bijaynagar Rural Municipality Office,Khuruhuriya,Kapilvastu and may visit in office website www.bijaynagarmun.gov.np
9. Bijaynagar Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

*Govinda Bhattarai*
*Chief Administrative Officer*

## सम्पादकीय

# माओवादी समीक्षा

भावी कार्यनीति तय गर्नेगरी पुनर्स्थापित नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटीको पूर्ण बैठक काठमाडौंमा शुरू भएको छ । शुक्रबारको स्थायी कमिटी बैठकले तय गरेको एजेण्डा केन्द्रीय कमिटी बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पेश गरेका छन् । प्रचण्डले पेश गरेको राजनीतिक तथा सांगठानिक प्रतिवेदन माथि छलफल गर्न केन्द्रीय सदस्यहरूको समूह विभाजन गरिएको छ । दुवै प्रतिवेदन माथि छलफल गर्न आठ समूहमा केन्द्रीय सदस्यहरू विभाजित भएका छन् । केन्द्रीय सदस्यहरूमा छलफल भएपछि माओवादी केन्द्रको भावी कार्यनीति पारित हुनेछ । सोहीअनुसार, राजनीतिक र सांगठानिक गतिविधिमा माओवादी केन्द्र जुट्नेछ । शान्ति प्रक्रियामा आएपछि माओवादी केन्द्रले लगातार टुटफुट बेहोर्नु परेकाले यसरी समूहगत रूपमा पार्टी कार्यक्रमबारे छलफल हुन सकेको थिएन । तर २३ फागुनमा सर्वोच्च अदालतको आदेशबाट फेरि माओवादी केन्द्र पुर्स्थापित भएपछि दीर्घकालीन र अल्पकालीन योजना तय गर्नेगरी माओवादी केन्द्रको बैठक शुरू भएको छ ।

बैठकमा प्रचण्डले वर्तमान गठबन्धन सरकार निर्माण गरिनुपर्ने कारण र नेकपा एमालेसँगको एकताबारे धारणा प्रस्तुत गरेका छन् । प्रचण्डले एमालेसँगको एकता स्वभाविक र आवश्यक भएपनि एमाले अध्यक्ष केपी शर्मा ओलीको बेइमानीका कारण बीचमै विभाजित हुनुपरेको उल्लेख गरेका छन् । गएको प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा गठबन्धन गरी सरकारमा सहभागी भएको माओवादी केन्द्र ३ जेठ २०७५ मा पार्टी एकता गरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको थियो । नेकपा बनेपछि उसले मार्गदर्शक सिद्धान्त पनि बदलेको थियो । माओवाद मान्दै आएको माओवादीले मार्क्सवाद–लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मानेको थियो भने समाजवाद उन्मुख जनताको जनवादलाई कार्यक्रम मोनेको थियो ।

तर पार्टीभित्रको कलह चर्किएर जाँदा नेकपा विभाजित भयो । फेरि नेकपा विघटन भएर एमाले र माओवादी केन्द्र पुनर्स्थापना भयो । अहिले माओवादी केन्द्र फेरि सत्तामा आएको छ । नेपाली काँग्रेस नेतृत्वको गठबन्धनमा माओवादी केन्द्र सत्ता साझेदार दल हो । प्रदेशहरूमा पनि माओवादी घाटामा गएको छैन । कर्णाली र सुदूरपश्चिम प्रदेशमा माओवादीको सरकार थियो, जुन कायमै छ । अझ लुम्बिनीमा समेत माओवादी नेतृत्वमा सरकार बनेको छ । एमालेसँग एकता गर्दा ६ मध्ये दुई प्रदेश सरकारको नेतृत्व गरेको माओवादीले अहिले तीन प्रदेशमा नेतृत्व गरेको छ । संघमा पनि राम्रै उपस्थिति हुने देखिन्छ । तर राजनीतिक रूपमा भने माओवादीले क्षति बेहोर्नुपरेको छ । रामबहादुर थापा सहित प्रभावशाली नेता एमाले प्रवेश गरेका छन् भने फेरि संगठनलाई क्रियाशील तुल्याउनुपर्नेछ । मुख्यगरी पार्टी एकता र विभाजनको कारण अरूलाई लगाएर मात्रै पुग्नेछैन । तसर्थ, माओवादीले एकपटक गम्भीर समीक्षा गर्दा मात्रै निरन्तर चल्दै आएको तदर्थवादी राजनीतिबाट माथि उठ्नेछ ।

## सामाजिक सञ्जाल



राजनीतिक लहडमा निजामती प्रशासन चल्दा धेरै महत्वपूर्ण धरापमा परेकाछन् । यसको एउटा उदाहरण हो, जयनगर बर्दिबास रेल्वे, व्यवस्थापकीय तयारी बिना हतारमा रेल ल्याऊँदा, एकातिर विनाकाम कर्मचारी तलवभत्ता र भौतिक संरचनामा राष्ट्रिय पूँजी फँसेको छ । अर्कोतिर नागरिकले कुनै सुविधा पाएनन् ।

**- मोतिराज गौतम**



भागबण्डाको राजनीतिमा रूमालिएको गठबन्धन सरकारले हिजोको दिनमा, हिजोको सरकार गिराउन कै लागि मात्रै गरेका हुन सहमति भन्ने यथार्थ पस्किदै छ । विगतको इञ्जिनमा खराबी देख्नेले, अहिले त इन्जिन नै बन्द गरि मौन बसिदिए । आफैँमा लज्जास्पद आजसम्म मन्त्री मण्डल बिस्तार गर्न नसक्नु ।

**- चन्द्रा श्रेष्ठ**



पुराना पार्टीहरू जसको मन्त्रिमण्डल भए पनि कहलिएका दुईचार थान भ्रष्टचारी हुन्छन् हुन्छन् पार्टी फण्डिङको लागी । सार्क राष्ट्रहरू मध्येमा नेपालका पुराना पार्टीहरू कांग्रेस, कम्युनिष्ट, माओवादी, मधेशवादी पार्टीहरू एशिया मै धनिमानीमा गनिन्छन । वार्षिक बजेटमा २५ प्रतिशत यिनिहरूको गैरकानुनी कमिसन हुन्छ ।

**- पुरूषोत्तम ढुंगेल**



भ्रष्ट ओलीले भन्दैमा भिमसेनले बनाएको धरहरा किन भत्काउने ? प्रतापले बनाएको रानीपोखरी किन पुरिदिने ? किसुन जीको परिकल्पना मेलम्ची किन टालिदिने ? बरू पोखरा–कुश्मा–बेनि रेल चढ्न छोडौं । घरमा जडान भएका ग्यास पाइप थुतेर फालौं । हावाबाट निकालेका बिजुलीका तार छिनालौं ।

**- कल्पना अधिकारी**



छोरीको बिहा गरेर बिदा गर्दा मात्रै आमा रूर्दिंनन् । आमा त छोराको बिहा गरेर पहिलोपल्ट बुहारी भित्र्याउँदा पनि रून्छिन् । आफ्नो शरीरको अंश छोरीले छोडेर जानु र आफ्नै शरीरको अर्को अंश छोरामाथि बुहारीले अधिकार जमाउनुको पीडा शायद आँशु भएर बग्दछ ।

**- बिम्मी कालिन्दी शर्मा**


## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# उच्च शिक्षामा जनशक्ति व्यवस्थापन नीति

उच्चशिक्षा तर्फ विद्यार्थी भर्ना र उत्पादनको विगत दशकको प्रवृति हेर्दा साधारण धारमा लगभग ८० प्रतिशत र प्राविधिक धारमा करिब २० प्रतिशत रहेको स्थिति छ । सोमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त जनशक्तिको चित्रमा ठिक उल्टो ७० र ३० मा रुपान्तरण ल्याउनुपर्ने आवश्यकता देखाउँछ ।



● ईश्वरीप्रसाद पोखरेल

विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको छनौटमा उच्च ज्ञान, दक्षता र अनुसन्धानलाई प्राथमिकता दिने र प्राध्यापन तथा शैक्षिक व्यवस्थापन सीप क्षेत्रलाई मर्यादित, सम्मानित र आकर्षक पेसामा रुपान्तरण गर्ने स्पष्ट नीति चाहिन्छ । सबै उच्च शिक्षा प्रदायक विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान, कलेजहरुमा जनशक्ति छनौट, नियुक्ति सिफारिस तथा वृत्ति विकासको मापदण्ड निर्धारण गर्नका लागि अधिकार सम्पन्न उच्च शिक्षा सेवा आयोग गठन गरिनु पर्दछ । अस्थायी, आंशिक तथा करार नियुक्ति प्रथा अविलम्ब बन्द गर्नु पर्दछ र शिक्षणतर्फ ७५ तथा प्रशासन व्यवस्थापनतर्फ २५ प्रतिशत मात्र दरबन्दी कायम गरिनु न्यायिक हुन्छ । उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू सबै नयाँ विचार, नयाँ ज्ञान र नयाँ विधि प्रविधि विकास गरी जीवनोपयोगी शिक्षा दिने थलोको रूपमा विकसित हुनुपर्ने देखाउँछ र प्राध्यापन गर्नेहरु अतिविशिष्ट हैसियतका हुनु आवश्यक हुन्छ ।

नेपालका विश्वविद्यालयहरुमा उपलब्ध हुन नसक्ने शैक्षिक कार्यक्रम तथा विषयको शिक्षणमा विद्यार्थीलाई विदेशमा पढ्न जान दिने वा नेपालमा विदेशी विश्वविद्यालयका सम्बन्धन प्राप्त कलेज सञ्चालन गर्नु व्यवहारिक हुन सक्छ । यसर्थ संघीय, प्रदेश र स्थानीय सरकारको पहलमा उच्च शिक्षा व्यवस्थापनका लागि वैज्ञानिक शैक्षिक नक्साङ्कन तथा सेवा क्षेत्रको निर्धारण हुनु र आवश्यक भएको ठाउँमा निजी क्षेत्र समेतको सहभागितामा सरकारी नेतृत्वमा नै तल्लो आधारभूत तहको शिक्षादेखि उच्च शिक्षाका एकल/बहुमुखी तथा विशिष्टीकृत कलेजहरु स्थापना गरिनु पर्दछ । यस्तै तल्लो तहको शिक्षादेखि नै प्रारम्भ गरी माध्यमिक र उच्च शिक्षाको गुणस्तर मापक सूचकहरू सुधारेर जीवनोपयोगी शिक्षाको सान्दर्भिकता बढाएर नेपालको मानव संशाधनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु पर्ने आवश्यक देखिएको छ । उच्चशिक्षा तर्फ विद्यार्थी भर्ना र उत्पादनको विगत दशकको प्रवृति हेर्दा साधारण धारमा लगभग ८० प्रतिशत र प्राविधिक धारमा करिब २० प्रतिशत रहेको स्थिति छ । सोमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त जनशक्तिको चित्रमा ठिक उल्टो ७० र ३० मा रुपान्तरण ल्याउनुपर्ने आवश्यकता देखाउँछ । यसका लागि शिक्षामा पर्याप्त आर्थिक लगानी बढाउन राज्य, सरकार तथा अभिभावकहरु सबै तयार हुनुपर्दछ । उच्च तहको शिक्षामा लाग लागत साझेदारी नीति तथा शैक्षिक ऋृण र रोजगारी पछि तिर्ने पद्धति विकास गरिनु उचित हुन्छ ।

उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु सबै नयाँ विचार, नयाँ ज्ञान र नयाँ विधि प्रविधि विकास गरी जीवनोपयोगी शिक्षा दिने थलोको रुपमा विकसित हुनुपर्ने देखाउँछ र प्राध्यापन गर्नेहरु अतिविशिष्ट हैसियतका हुनु आवश्यक हुन्छ ।



### शिक्षक व्यवस्थापन गर्ने नीति

सरकारी, सार्वजनिक संस्थान, सैनिक, प्रहरी, सहकारी, सञ्चारगृह तथा सबै किसिमका निजी प्रतिष्ठानहरु जस्ता निकायहरुमा समेत उपसचिव, नवौं तहसहित तल्ला तहका पदमा कुल निर्धारित शतप्रतिशत जनशक्तिमध्ये ३५ प्रतिशत दरबन्दी अध्यासका प्रशिक्षार्थीका लागि र ६५ प्रतिशत दरबन्दी मात्र स्थायी पूर्ति हुने व्यवस्था गर्नु पर्दछ । विश्वविद्यालयदेखि विद्यालय तहको शिक्षा लिइरहेका प्रशिक्षार्थीहरुलाई योग्यताको समकक्षी ओहदा र पदअनुसार पूरा एक वर्ष राष्ट्रिय विकास सेवा दलका रुपमा काम गर्नुपर्ने प्रबन्ध गरिनु पर्दछ ।

एक स्थायी दरबन्दीको तलबभत्तामा सरकारी छात्रवृत्तिमा पढेकाहरु तीन जना तथा आफ्नै खर्चमा पढेकाहरु दुई जना प्रशिक्षार्थीले निर्वाह भत्ता सेवासुविधा पाउने कानुनी व्यवस्था गरी संघीय, मन्त्रालय, विभाग, कार्यालय, विश्वविद्यालय, कलेजहरु, प्रादेशिक मन्त्रालय, निर्देशनालय, कार्यालयहरु, जिल्ला कार्यालयहरु तथा स्थानीय तहका सबै सेवाहरु र प्रदेशदेखि स्थानीय तहसम्मका कलेज विद्यालय तथा उद्योग कलकारखाना, शान्तिसुरक्षा व्यवस्थापन आदिमा एक दरबन्दीका स्थानमा ३ जना जनशक्ति उपलब्ध गराउने नीति राज्यको हुनु पर्दछ । मन्त्रालय, विश्वविद्यालय, कलेज, कार्यालय र विद्यालयहरुमा खटिने शिक्षक/ कर्मचारीहरुको कार्यमूल्यांकनका आधारमा तह अनुसारका कर्मचारी, प्राध्यापक तथा शिक्षक तथा कामदारले मासिक कुल तलबमानको ३३ प्रतिशत निर्वाह भत्ता अनिवार्य पाउने नीति हुनु पर्दछ ।

मुलुकका सबै सेवा तथा शैक्षिक संस्थाहरुमा कुल निर्धारित दरबन्दीको ३५ प्रतिशत जनशक्तिका लागि राष्ट्रिय सेवा विकास दलको सरकारी कोषबाट सिधैं निकासा हुने व्यवस्था हुनु पर्दछ । एउटा प्रशिक्षार्थी समूहको सेवामा प्रवेश तथा अर्को समूहको बिदाइको समय तालिका निर्धारित हुने गरी आर्थिक वर्ष वा शैक्षिक सत्रको तय गरिनु उचित हुन्छ । जुनसुकै सार्वजनिक सेवामा प्रवेश गर्न इच्छुक प्रशिक्षार्थी विद्यार्थीहरुका लागि राष्ट्रिय सेवा दलमा प्रदर्शन गरेको उत्कृष्टता र कार्यक्षमताका आधारमा कुल ६५ प्रतिशत स्थायी दरबन्दीमध्ये ती सेवाका रिक्त ५ प्रतिशत दरबन्दीमा प्रशिक्षार्थीहरुको अभ्यास कालकै मूल्याङ्कनका आधारमा उत्कृष्टहरुबीच मात्र सेवा आयोगबाट प्रतिस्पर्धा गराई सिधैं छनोट गर्ने अधिकारसम्बन्धित तह र क्षेत्रको आयोगलाई दिइनुपर्दछ ।

जुनसकै सेवामा तोकिएको तह र पदमा कुल स्थायी हुने निर्धारित ६५ प्रतिशतका पदमध्ये १५ प्रतिशत दरबन्दीको पदमा तल्लो पदमा कार्यरत पदको कार्य उत्कृष्टता र जेष्ठता, पेसागत कार्यउत्कृष्टता वा अनुसन्धान वा सिर्जनशीलताका आधारमा आन्तरिक एवम् निकटतम तल्लो तहका योग्य पदबाट उपल्लो पदमा बढुवा हुने व्यवस्था गर्नु पर्दछ । उच्च प्रतिस्पर्धाका आधारमा सम्बन्धित तह र क्षेत्रको आयोगबाट आन्तरिक वा निकटतम तल्लो तहका योग्य पदबाट उपल्लो पदमा बढुवा हुन आरक्षित गरी कार्यरतहरुकै बीच खुला छनोटबाट पूर्ति गर्ने अधिकार दिनु पर्दछ । (उदाहरणका लागि जुनसुकै सेवामा एक तह तल्लो पदमा कार्यरत रहेको तर उपल्लो योग्यता भएको जनशक्तिले निश्चित अवधि पूरा गरेको अवस्थामा आन्तरिक खुला र पदोन्नतिकालागि अवसर सुनिश्चित गर्नुपर्दछ) ।

जुनसुकै सेवामा कुल निर्धारित पदको दरबन्दीमध्ये ५० प्रतिशत तोकिएको योग्यता र सर्त पूरा गरेका आम प्रशिक्षार्थी, विद्यार्थी तथा नागरिकका लागि खुला प्रतियोगिताका लागि विज्ञापन गर्ने र योग्य छनोट गर्ने अधिकार विषय क्षेत्रको आयोगलाई दिनु पर्दछ । रोजगार उम्मेदवारको उत्कृष्टता र कार्यक्षमताको लिखित, प्रयोगात्मक र अन्तर्वार्ताजस्ता उच्च प्रतिस्पर्धाका आधारमा खुला छनोटबाट पूर्ति गर्ने अधिकार सम्बन्धित तह र क्षेत्रको विषयगत आयोगमा रहनु पर्दछ ।

### पारदर्शीता स्थापना गर्ने नीति

राज्यबाट राजनीतिक तथा प्रशासनिक पदाधिकारी वर्गलाई उपलब्ध हुने सबै सेवासुविधा पारदर्शी र औचित्य पुष्टाइँका साथ हुनुपर्ने देखिन्छ । कर्मचारीहरु सामूहिक साधनमा हिँड्नुपर्ने तथा त्यस्ता गाडीहरु, चालकहरु तथा कार्यालय व्यवस्थापन सहयोगी एवम् सरसफाइ आदि काम गर्ने कर्मचारीहरुको जिम्मा कम्पनीहरुलाई दिने नीति वैज्ञानिक हुन सक्छ । कुन तहको सरकारी पदाधिकारीलाई कस्तो गाडी तथा मोटर साइकल वा यातायात तथा आवास आदि सुविधा उपलब्ध हुने ? सो स्पष्ट गर्ने र सबै तहका कर्मचारीलाई आजीवन जहाँ सरुवा भएपनि सोही साधन उपयोग गर्ने नीति लिनु ठिक हुन्छ । खरिदारदेखि अधिकृतसम्म मोटर साइकल तथा उपसचिवदेखि मुख्य सचिवसम्म एकपटक पाएको गाडीमा आफैं चलाउने सर्तमा सुविधा दिनु पर्दछ तर तल्लो पदबाट उच्च पदस्थ सचिव, मुख्य सचिव भएको अवस्थामा गाडी फेरबदल गर्न नपाउने गरी प्रहरी सेवाबाट चालक दिने तर आफू खुशी चालक राख्न नदिने नीति बनाएमा धेरै साधारण खर्च, गाडी आदिको व्यवस्थापनमा मितव्ययिता ल्याउन सकिन्छ । लेखा परीक्षण र आर्थिक कारोबार पारदर्शी हुने नीति कडाइका साथ अवलम्बन हुनु पर्दछ ।

### प्रशासनिक सुदृढीकरण तथा जनशक्ति व्यवस्थापन नीति

साधारण खर्च कटौती र मितव्ययिता कायम गर्न प्राविधिक तथा व्यावसायिक सेवा एवम् सामान्य प्रशासन सेवाका तल्लोतहदेखि शाखा अधिकृतसम्ममा जनशक्तिलाई विशेष सुदृढीकरण तथा व्यवस्थापन नीति विषयगत आधारमा फरक फरक हुन अति आवश्यक देखिन्छ । सबै सेवा, समूह, उपसमूहका कम्तिमा खरिदारदेखि अधिकृतसम्मका जनशक्तिहरुलाई सबै किसिमका आधारभूत एकीकृत विविध कार्यसम्पादन सीप प्रदान गरेर अनावश्यक दरबन्दी घटाइनु पर्दछ । थोरै लगानीमा धेरै प्रतिफल विकास गर्न सबै किसिमका कर्मचारीहरुलाई सेवासम्बद्ध र पेसासम्बद्ध आवश्यक सीपहरु पहिचान गराउनु जरुरी हुन्छ । कार्य प्रकृति अनुसार सबै सेवाका कर्मचारीहरुलाई छोटो अवधिका तालिम, प्रशिक्षण र अभ्यासको व्यवस्था हुनु अति आवश्यक देखिएको छ । प्रायः प्राविधिक तथा विषयगत कार्यालयहरुमा पनि प्रशासन सेवा समूहका जनशक्तिहरुको संगठन र दरबन्दी निर्धारण अत्यधिक धेरै राखिएको पाइन्छ । कतिपय कार्यालयहरुमा कार्यभार तथा कामको व्यस्तताको अभाव हुँदा जनशक्तिको अत्यधिक सदुपयोग हुँदैन । यसर्थ एक व्यक्ति अनेक कामको जिम्मेवारीको पद्धति विकास हुनु प्रशासनिक व्यवस्थापनका क्षेत्रमा अति जरुरी देखिएको छ ।

### जनशक्ति विकास तथा प्रक्षेपणका सर्त

केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त हुने राष्ट्रिय लेखा तथ्याङ्कहरू, राष्ट्रिय जनगणना २०६८ का आधारमा नेपाल सरकार राष्ट्रिय योजना आयोगले दीर्घकालीन सोच सहितको १५ औं योजनाको आधार पत्र, दीगो विकासका रणनीतिहरु, दीगो विकासका लक्ष्य प्राप्तिका आधार, विभिन्न द्वितीय स्रोतहरू र सरोकार राख्ने सम्बन्धित संस्था तथा विशेषज्ञहरूबाट परामर्श लिएर जनशक्ति प्रक्षेपण तयार गर्ने नीति लिएको पाइन्छ । यसो गर्दा अन्तर्राष्ट्रिय मान्यतामा प्रचलित सीपका तहहरूमा आधारित रही अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्रकाशित मापदण्डलाई मुख्य आधार बनाएर जनशक्ति प्रक्षेपण तथा उत्पादन गर्ने प्रचलन पनि छ । नेपालमा सीप तह एक र दुई बाहुल्यता ८५ प्रतिशतभन्दा माथि र सीप तह ३ र ४ को जनशक्ति १५ भन्दा कम रहेको दयनीय अवस्था देखाउँछ । यसलाई उल्टाएर सीप तह २ र ३ को संख्या ८५ प्रतिशतमा नपुराएसम्म सुखी नेपाली समृद्ध नेपालको लक्ष पूरा गर्न सम्भव हुँदैन ।

*(पोखरेल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय उपसचिव हुन् ।)*

# कृषिमा व्यवसायीकरणको सवाल

सबैतिरबाट असफल प्रायः ब्यक्तिहरु अन्ततः राजनीतिलाई आफ्नो पेशा बनाउने अभ्यास गर्न थाल्दछन् । यस्तै अनेकौं मध्ये कोहि स्थानीय सरकार प्रमुख त कोहि वडा अध्यक्ष त कोहि त्योभन्दा पनि उच्च विधायकी तहसम्म पुग्ने गरेका प्रशस्त उदाहरणहरु भेट्न सकिन्छ ।



● विजयकान्त मिश्र

### शहरमुखी मानसिकता र शैक्षिक गुणस्तर

गाउँको तुलनामा शहरमा शिक्षा, स्वास्थ, सुरक्षा, यातायात र सञ्चार जस्ता सुविधाहरु बढी हुने हुनाले ग्रामिणहरु पनि शहरतिर बस्न रुचाउँछन् जसले गर्दा गाउँमा रहेको खेतिपातीको विकास हुन नसकेको देखिन्छ ।

गाउँमा शिक्षाको गुणस्तर घट्दै गएको छ जसका कारण शिक्षा ऐन तथा नियमावलीमा परिकल्पना गरिएअनुसारको नैतिकवान तथा परिश्रमी जनशक्ति उत्पादन हुन नसक्नु पनि अर्को कारण हुन सक्छ ।

### स्वप्रतिभाको अभाव

शिक्षाको गुणस्तर खस्किँदा युवाहरूलाई आफ्नो प्रतिभाको पहिचान गर्न कठिन पर्न थाल्दछ त्यसपछि उनीहरु अरुको देखासिकी गर्न थाल्छन् । उदाहरणको रूपमा एउटाले किराना पसल थाप्यो भने अन्य धेरैले पनि त्यही काम गर्ने चाहना राख्न थाल्दछन् । त्यसैगरी ठेकेदारी, अन्य प्रकारको व्यापार आदि नक्कल गरिने विषयहरु हुन् । सामाजिक संस्था खोल्ने कुरामा समेत युवाहरू आकर्षित हुने गरेको पाइन्छ तर, आन्तरिक मनसाय भने समाजसेवा न भइकन पैसा कमाउनु नै हुन्छ । लोकसेवा आयोगमा अन्य युवाहरूले यदाकदा प्राप्त गर्ने सफलता पनि देखासिकिको विषय हुने गर्दछ । तर शैक्षिक दृष्टिकोणले ढाड भाच्चिइसकेका युवाहरूले लोकसेवा आयोगको दर्खास्त फाराम भर्ने तथा परिक्षामा सहभागी भएर असफलता हात पार्नुको सट्टा अरु केहि गर्न सक्दैनन् ।

सबैतिरबाट असफल प्रायः ब्यक्तिहरु अन्ततः राजनीतिलाई आफ्नो पेशा बनाउने अभ्यास गर्न थाल्दछन् । यस्तै अनेकौं मध्ये कोहि स्थानीय सरकार प्रमुख त कोहि वडा अध्यक्ष त कोहि त्योभन्दा पनि उच्च विधायकी तहसम्म पुग्ने गरेका प्रशस्त उदाहरणहरु भेट्न सकिन्छ ।

### स्थानीय सरकारको दिशाहिनता

स्थानीय क्षेत्रमा बाझो रहने गरेका जमिन तथा बेरोजगार युवाहरूको ठुलो फौज दुवै कुराहरू स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधिहरुको आँखाको ठिक अगाडि भएर पनि यस दृश्यले उनीहरुको मानसिकतालाई प्रभावित गर्न सकेको बोध हुँदैन । बोध हुनसकेको भए युवाहरूलाई कृषितर्फ आकर्षित गर्ने खालका योजनाहरु निर्माण भइ कार्यान्वयनमा आउँथे होलान् । तर त्यसो भएको देखिँदैन । प्रतिनिधिहरुको अभिरुची ढलाने विकास तिर नै उन्मुख रहेको पाइन्छ ।

### स्थानीय तहको दायित्व

नेपाल सरकारले विगतदेखि नै कृषिमा नमुनाजनक प्रदर्शन तथा उत्पादनमुलक हिसाबले मुलुकभरका विभिन्न स्थानमा वागबानी केन्द्रहरू, पोल्ट्री फार्महरु, माछा पोखरीहरु, कृषि प्रशोधन केन्द्रहरू, पशु पालन केन्द्रहरूको स्थापना तथा विकास गर्दा आएको पाइन्छ । कृषि ज्ञान केन्द्रलगायत सरकारले अन्य अनेकौं तरिकाले कृषिसम्बन्धि प्रचारात्मक कार्यहरू गर्दै आएको पाइन्छ । तर यसले केहि युवाहरूलाई उत्प्रेरित गर्न सकेको भएता पनि कुना काप्चासम्म प्रभाव पारेको देखिँदैन । यसका लागि स्थानीय तहहरुले निम्नअनुसार गर्न सके धेरै राम्रो हुने थियो ।

आ–आफ्नो क्षेत्रमा कृषिसम्बन्धि बृहत सम्भाव्यता अध्ययन गराएर त्यो क्षेत्र प्राविधिक हिसाबले कृषिसम्बन्धि कुन कामका लागि उपयुक्त हो ठहर गर्ने । युवाहरूलाई ध्यानमा राखेर योजना निर्माण गरि उक्त पकेट क्षेत्रमा कृषि कार्यक्रम अबलम्बन गर्न प्रोत्साहन गर्ने ।

उत्पादित कृषि उपजको भण्डारण, उचित मूल्य पाउने खालको बजार व्यवस्थापन तथा प्रशोधन आदिको व्यवस्था मिलाउने । युवाहरूलाई उनिहरुका बिचमा स्वस्थ्य प्रतिस्पर्धा गराउन बेला बेलामा कृषि प्रदर्शनीहरुको आयोजना गरेर प्रोत्साहन स्वरूप पुरस्कार आदि वितरण गर्ने ।

कुनै खास वडा अथवा पालिका क्षेत्रमा सेवा र सहयोग पुर्‍याउने हिसाबले धेरै ठुलो लगानी पर्ने खालका कृषियन्त्रहरु जस्तै धान रोपाई गर्ने मेसिन, गहुँ छर्ने मेसिन, गहुँ काटेर थ्रेश गर्ने मेसिन, बेर्ना सार्ने मेसिन, विद्युतबाट चल्ने पम्पसेटहरु आदि पालिकाले आफ्नो स्वामित्वमा खरिद गरेर शुलभ शुल्कमा कृषकहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउने । यस्तै यस्तै अन्य आवश्यक कामहरू पनि गर्दै जाने ।

हाम्रो देश कृषिप्रधान देशको रूपमा परिचीत हुँदै आएको भएतापनि आधुनिकताको विकाससँग अधिकांश युवाहरूमा एक प्रकारको अन्यौल ल्याइदिएको छ । धेरैले कृषिमा आफ्नो भविश्य नै देख्न सकेका छैनन् । कृषिसम्बन्धि अध्ययन सकेर पनि जागीर खोजेरै जीवन बिताइदिने प्रवित्ति हाबी भएको छ । यस्तो अवस्थामा स्थानिय सरकारहरुको भूमिका निकै महत्वपूर्ण हुन आउँछ । गणतन्त्रको विषय तथा संविधानको आशय पनि त्यहीँ नै हुनुपर्दछ ।

*(लेखक मिश्र रौतहटस्थित श्री जनता माध्यमिक विद्यालयका प्रध्यानाध्यापक हुन् ।)*

# अफगानिस्तानका आधा प्रान्त तालिबान लडाकूको नियन्त्रणमा

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानमा कुल ३४ प्रान्तमध्ये आधाभन्दा बढी प्रान्त तालिबान लडाकूको नियन्त्रणमा पुगेको छ। तालिबान लडाकूले नियन्त्रणमा लिएका १८ प्रान्तमध्ये आधा दर्जनभन्दा बढी प्रान्त पछिल्लो २४ घण्टामा मात्रै नियन्त्रणमा लिएका हुन्।

पछिल्लो पटक तालिबान लडाकूको नियन्त्रणमा परेका प्रान्तमा कन्दाहर, हेल्मान्ड, हेरात, बाड्घीस, घोर, लोगार, जाबुल र ओर्जुगान प्रान्त रहेका छन्। ती बाहेक पाक्तीया र वार्डाक प्रान्तका भने राजधानी मात्रै सरकारी नियन्त्रणमा रहेका छन्। अन्य सबै भाग तालिबान लडाकूको नियन्त्रणमा रहेका छन्।

लडाकूले पूर्वमुजाहिद्धिन नेता तथा जमात ए इस्लामी पार्टीका वरिष्ठ नेता इस्माइल खानलाई पनि नियन्त्रणमा लिएका छन्। पछिल्लो समय अफगानिस्तानमा सङ्घर्षरत तालिबान लडाकू बढी आक्रामक देखिएका छन्। उनीहरुले धेरै ठाउँमा आक्रमण गरेका छन भने दैनिकरुपमा विभिन्न ठूला सहर आफ्नो नियन्त्रणमा पार्न सफल भएका छन्।

एकपछि अर्को सहर कब्जा गरिरहेको तालिबान लडाकुको समूहले अफगानिस्तानको दोस्रो ठूलो सहर कन्दाहार पनि केही दिन अगाडि नै कब्जा गरेको छ। कन्दाहार सहर अफगानिस्तानको प्रमुख व्यापारिक केन्द्र पनि हो भने रणनीतिक हिसावले समेत महत्वपूर्ण क्षेत्र हो। अमेरिकी सैनिक फिर्ता भएपछि तालिबान लडाकूको गतिविधि पनि बढी आक्रामक भएको देखिएको छ।





उनीहरुको नियन्त्रण बढ्दै गएपछि पश्चिमा देशले आफ्ना दूतावासका कर्मचारी र नागरिकलाई सुरक्षितरूपमा स्वदेश फर्काउन थालेका छन्। संयुक्त राष्ट्रसंघलगायतका अन्तरराष्ट्रिय निकायले पनि अफगानिस्तानमा बढ्दै गएको हिंसा र नियन्त्रणको अभियान प्रति चासो र चिन्ता व्यक्त गरेका छन्।


अफगानिस्तानका राहतकर्मीले झण्डै चार करोड जनसङ्ख्यामध्ये एक करोड ८४ लाख जनसङ्ख्यालाई मानवीय सहयोगको आवश्यकता पर्नसक्ने संयुक्त राष्ट्संघले बताएको छ। देशभरि लडाइँ फैलिँदै जाँदा एक करोड ८४ लाख मानिसलाई मानवीय आवश्यकता पर्नसक्ने मूल्यांकन गरिएको राष्ट्रसंघका मानवीय सहयोगमामिला अधिकारीले बिहीबार बताएका हुन्।

सन् २००१ मा अमेरिकी नेतृत्वको फौजहरूले अफगानिस्तानका तालिबान शासकहरूबाट सत्ता खोसेका थिए। सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकामा अल कायदाका नेता ओसामा बिन लादेनको योजनामा आक्रमण गरिएपछि अमेरिकी फौज अफगानिस्तान पसेका थिए।

### २० वर्षको सैनिक कारबाही

अमेरिका र उसका साझेदारहरूले निर्वाचन र अफगान सुरक्षा फौजको निर्माणको सुपरिवेक्षण गरे तर तालिबानहरूले आक्रमणलाई जारी राखे। अन्तत, अमेरिकाले तालिबानसँग सम्झौता गर्‍यो। तालिबानहरूले आतंकवादीहरूलाई संरक्षण नदिन सहमति जनाए फौज फिर्ता गर्ने अमेरिकीहरूले बतायो। तर तालिबान र अफगान सरकारबीचको वार्ता विफल भयो। अमेरिकी नेतृत्वको फौज यसै वर्ष फिर्ता भयो र तालिबानले अहिले देशको अधिकांश हिस्सामा नियन्त्रण कायम गरेका छन्।

## ■ अस्थिरता रोक्ने अठोट




अफगानिस्तनाका राष्ट्रपति मोहम्मद असरफ घानीले देशमा अहिले तालिवान समूहले गतिविधि तीब्र पारेको भएपनि यसलाई छिट्टै रोकिने बताएका छन्। अफगानिस्तानको आधाभन्दा बढी प्रान्तका राजधानी तालिवान समूहले नियन्त्रणमा लिएको भनी समाचार आइरहेका समय उनले द्वन्द्वग्रस्त आफ्नो मुलुकमा राजनीतिक अस्थिरता रोक्ने प्रतिवद्धता व्यक्त गरे।

'अफगानिस्तानको सुरक्षा फौजले देशको रक्षा गरेको र सेनाबीच सद्भाव सुनिश्चित गर्नु मेरो प्राथमिकता हुनेछ,' घानीले राष्ट्रका नाममा गरेको आफ्नो छोटो टेलिभिजन सम्बोधनमा भने। उक्त सम्बोधनमा उनले अफगानिस्तानमा थप अस्थिरता हुन नदिने बताएका हुन्। उनले भने, 'अफगानिस्तानीहरूले युद्धका कारण दुःख पाइरहेका छन् र अफगानिस्तानका जनताको थप कष्ट रोक्न म तपाईंहरुलाई विश्वास दिलाउँछु र यो मेरो ऐतिहासिक जिम्मेवारी हो।'

राष्ट्रपति घानीले 'अफगानिस्तानका जनता, राजनीतिक दल तथा तीनका नेता र अन्तर्राष्ट्रिय मित्रहरूसँग परामर्श' सुरु गरेको र परिणाम चाँडै आउने पनि बताए।

## ■ राष्ट्रसंघको आग्रह



संयुक्त राष्टसंघका महासचिव एन्टोनियो गुटर्रेसले अफगानिस्तानको तालिबान समूहलाई अफगानिस्तानका सरकारी कार्यालय कब्जा गर्ने कार्यलाई तत्कालै बन्द गर्न आग्रह गरेका छन्। उनले आफ्ना सशस्त्र विद्रोही लडाकूलाई आदेश दिई हाल अफगानिस्तानमा जारी रहेको सशस्त्र विद्रोहको काम फिर्ता गर्न लगाउन तालिबान लडाकू समूहलाई भनेका छन्।

उनले भनेका छन्, 'हालका लागि यो कार्यलाई रोकेर शान्तिपूर्णरुपमा आफ्ना काम गर्न र आफ्ना कुरा राख्न हामी आग्रह गर्दछौं।' उनले अफगानिस्तानको तालिबान समूहलाई शान्तिपूर्णरुपमा आफ्ना माग राख्न आग्रह गर्दै वार्ताको टेबलमा बस्न पनि आग्रह गरेका छन्। महासचिव गुटर्रेसले बलपूर्वक गरिएका कुनै पनि कार्यको सट्टामा शान्तिपूर्णरुपमा वार्ताको टेबलमा बसेर सबै कुरा गर्न आग्रह गरेका हुन्। उनले वार्ताका लागि तालिबान लडाकूको समूहलाई पनि शान्तिपूर्ण वार्ताको टेबलमा बस्न आग्रह गरेका छन्।

## ■ अमेरिकी सैन्य टोली अफगानिस्तानमा



तालिवान लडाकूले अफगानिस्तानका प्रान्तीय राजधानी कब्जा गर्न थालेपछि अमेरिकाको पहिलो सैन्य टोली अफगानिस्तान पुगेको छ। केन्द्रीय राजधानी काबुलमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएका अमेरिकी सैनिक अफगानिस्तानमा रहेका अमेरिकी नागरिकलाई उद्धार गर्न गएका हुन्। उनीहरुले अफगानिस्तानस्थित अमेरिकी कुटनीतिज्ञ, कर्मचारीलगायतका अमेरिकी नागरिकलाई स्वदेश फर्काउने भएका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि शुक्रबार अफगानिस्तानका एक मन्त्रीसँग कुराकानी गर्दै देशको अवस्थाका बारेमा चासो र चिन्ता व्यक्त गरेका थिए। उनीहरुको छलफलकै आधारमा शनिबार अमेरिकी सैनिक अफगानिस्तान गएको बताइएको छ। बेलायतले पनि बेलायती नागरिक तथा आफ्ना लागि काम गर्ने पूर्व अफगान कर्मचारीहरुको उद्धारका लागि ६०० सैनिक पठाउने तयारी गरेको छ। यस्तै जर्मनीले जस्तै निकै कम मात्रै कर्मचारीहरु दूतावासमा राख्ने तयारी बेलायतको छ। डेनमार्क र नर्वेले भने अफगानिस्तानमा रहेका आफ्ना दूतावास बन्द गर्ने तयारी गरेका छन्।


साउदीमा रोजगार | १. कम्पनी : ARCAZ INTERNATIONAL GENERAL CONTRACTING CORPORATION शहर: RIYADH

पूर्व स्वीकृत मितिः२०७८/०४/२६ चलानी नं.:६०१६१४२२ LT. No.: 243783

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : MODERN STAR CAR SERVICE LAUNDRY शहर:RIYADH

पूर्व स्वीकृत मितिः२०७८/०४/१३ चलानी नं.:६०१६०८५३ LT. No.:241948 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing And Lubricating Agent | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : AL JOUF MINERAL WATER BOTTLING CO. शहर: Al Jouf

पूर्व स्वीकृत मितिः२०७८/०४/०७ चलानी नं.:६०१६०५२५ LT. No.:242721 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०६ गते (22 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

नाशा ह्यूमन रिसोर्स प्रा. लि.

श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७ महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोन: ०१- ४३७९६७७ मो:९८६९०७८९२८



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Azzam Nasser Reda Al Sharif General Contracting Company शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०२/३० चलानी नं.: ६०१५९५७० LT. No.: 240614 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ भदौ ६ गते (22 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

"A friend at your service"

Pasa INTERNATIONAL PVT. LTD.

Kupondol, Lalitpur, Tel: 5439331/5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं ११६/०५५/५६



## Invitation for Online Bids

### PHUNGLING MUNICIPALITY
### OFFICE OF MUNICIPAL EXECUTIVE

**Taplejung, Province no. 1, Nepal**

**Date of first publication: 2078/04/31 ( 15th August 2021)**

1. The Government of Nepal (GoN), has provided a grant towards the Phungling Municipality for the cost of the construction Program and intends to apply part of the funds to cover eligible payments under the Contract as mention below:
2. Only eligible Nepalese bidders with the following key qualifications should participate in this bidding: Agency Registration, VAT Registration and Income tax clearance / Submission certificates and must be submit the document indicated in section GCC 2.3 (I) in special condition of contract.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Phungling Municipality, Taplejung, Mob no: 9862668298, 024-460113, email on the email address info@taplejungmun.gov.np : or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. For Bidders & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank Nepal Bank Limited, Taplejung Branch**

   **Name of Office:Phungling Municipality Office, Taplejung**

   **Last Date of Purchasing of Bidding Documents from online: 2078 Bhadra 28 at office hrs.**

   **Account No.: 06203000001001000002 Mul Kosh Khata**
5. Bids must be submitted through e-GP system https:www.bolpatra.gov.np/egp on before **12:00 Hrs on 29 Bhadra 2078**. Bids received after this deadline will be rejected.
6. Bids must be valid for a period of 90 days after opening of bids and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned in table below, which shall be valid for 120 days after opening of the bids.
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the **Phungling Municipality Office Taplejung, Dharauti Account no: 06203000003000000002 Dharauti at Nepal Bank Limited, Taplejung branch** and submit the receipt of the deposited amount of cash along with the bid.
8. The bids shall be opened in the presence of bidder's representative who chooses to attend at **13:00 Hrs 29 Bhadra 2078** at the office of **Phungling Municipality, Office of Municipal Executive, Taplejung**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
11. Any intimidation, inclusion and curtailing during bidding process shall be punishable by law.

| Contract ID No. | Name of Projects | Estimated Cost With VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Fee (NRs) |
|---|---|---|---|---|
| NCB/Phunglingmun/ Works/02/078/079 | Construction Works of Waste management site | 8084397.31 | 203000 | 3,000.00 |

# बक्स अफिस समाचार


निर्देशकको जिम्मेवारी निकै ठूलो छ । कुनै चलचित्र बनाउँदा यदि दर्शकहरूमा पर्ने सकारात्मक र नकारात्मक पक्षहरू राम्रोसँग अध्ययन नगरी गरियो भने जनमानसमा निकै ठूलो असर हुन्छ ।

## 'निर्देशकको जस्तो सामाजिक दायित्व अरूमा कहाँ होला'

चलचित्र निर्देशनको क्षेत्रमा सक्रिय रहँदै गर्दा अमेरिका पुगेका निर्देशक सुमन दाहाल अमेरिकामा पनि निर्देशनमा व्यस्त रहने गरेका छन् । अमेरिकामा बसेर पनि नेपाली चलचित्र, गीतसंगीतलाई माया गर्दै आइरहेका दाहालले आधा दर्जन चलचित्र र दर्जन बढी म्युजिक भिडियो निर्देशन गरिसकेका छन् । अमेरिका बसेर पनि आफ्नो नेपाल, आफ्नो मौलिकता बिर्सन नसकेको भन्दै आफैंले निर्देशन गरेको राष्ट्रिय भावनाले ओतप्रोत 'मलाई मेरै नेपालको माया छ' बोलको गीतलाई केही समय पहिले युट्युब मार्फत सार्वजनिक गरेका थिए भने हालै 'हेर्दा हेर्दै' बोलको भिडियो ल्याएका छन् । अमेरिकामा 'लेक्सिनटन दोहरी' कार्यक्रमका प्रस्तोता समेत रहेका दाहाल नेपाल चलचित्र निर्देशक समाजका पूर्व उपाध्यक्ष हुन् । पागल पन, इलाका, जीवन मृत्यु, मनपरेपछि, अल्पबिराम, मान्छेको माया, पाइला, हलचल, नो स्मोकिङ आदि चलचित्रमा काम गरेका निर्देशक सुमन दाहालले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको संक्षिप्त कुराकानी :



**सुमन दाहाल**, निर्देशक



■ ■ ■

विषयवस्तुको गहिरो अध्ययन, पात्र परिवेश, पहिरनको सही छनोट, आवश्यक लगानी र सामग्रीको व्यावस्थापन, समाजको चासो र खोजीको कथा नै हो सफलताको कडी ।

■ ■ ■

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

विदेशमा भएका कारण प्रत्यक्ष चलचित्रमा काम गर्न सकिरहेको छैन, डेढ दर्जन भिडियो विदेश बसाइको क्रममै गरियो र गरिनै रहेको छु । चलचित्रकर्मी र चलचित्रसँग सम्बन्धित संघसंस्थासँग प्रत्यक्ष सम्पर्कमा छु ।

**पत्रकारिता गर्दा गर्दै यो क्षेत्रमा कसरी प्रवेश गर्नु भयो ?**

म गाउँमा हुँदा देखि नै आफ्नो मनको विचार र सोच धेरै मानिसहरूमा पुऱ्याउन चाहन्थें । सबै मानिसहरूलाई मेरो मनको भावना कसरी पुऱ्याउन सकिन्छ भन्ने कुरा दिमागमा घुमिरहेको थियो । जब म स्नातक तहको अध्ययान गर्न काठमाडौं आएँ, आरआर क्याम्पसमा ब्याचलर अफ आर्ट्सका साथमा अप्सनल विषय चाहिँ पत्रकारिता रोजेर पढें, साथमा सुमन खरेलले संचालन गर्नुभएको स्मारिका मिडिया सर्भिसमा रेडियो, टेलिभिजन जर्नालिजमको कोर्ष पनि गरें, मेरो चाहनालाई अगाडि बडाउने उत्तम बाटो नै पत्रकारिता जस्तो महसुस भयो । त्यो समय चलचित्र खेल्ने भूत पनि अली अली चढिरहेको नै थियो । दिनेश डिसी दाजुले निर्देशन गर्ने, शम्भूजित बासकोटाले निर्माण गर्ने भनेर घोषणा गरिएको चलचित्र 'जाउँ हिँड पोखरा' मा अडिसन पास पनि भएको थिएँ, चलचित्र बन्न सकेन । जब मेरो ब्याचलर तेस्रो वर्षको कक्षा अन्तिम अन्तिम हुँदै थियो म क्याम्पस जाने आउने बाटोमा हालका चलचित्र निर्देशक प्रमोद भण्डारीको फोटो स्टुडियो थियो । उहाँ चलचित्रमा काम गर्ने भएका कारण म उहाँकोमा यसो छिर्ने पनि गर्थें, उहाँले टेलीचलचित्र निर्देशनको तयारी गरिरहनुभएको थियो । मेरो कलाकार भएर खेल्ने इच्छा उहाँलाई थाहा थियो । कथा सुनाउनुहुन्थ्यो । कथामा टर्निङ पोइन्टको कुरा र डाइलग स्ट्रङ राम्रो नभएको ठाउँहरूमा म लजिकलरूपले आफ्नो लजिक राख्थें उहाँ कन्भिन्स हुनुहुन्थ्यो । मेरो अन्तिम परीक्षा आइरहेको थियो । सबै कुरा प्रमोद दाइलाई थाहा थियो । परीक्षा सकेपछि कुनै पत्रिकामा लेख्ने, कुनै एफएममा कार्यक्रम गर्ने सोच बनाइरहेको थिएँ । जब अन्तिम दिनको परीक्षा सकेर घरमा आएर भात खाँदै थिएँ, प्रमोद दाइ आउनुभयो र सुमन परीक्षा सकियो हैन भन्नुभयो, मैले सकियो दाइ भनें, उहाँले ल खाना खाउ र मसँग हिँड भन्नुभयो । म हतार हतार खाना सकेर तयार भएँ, मलाई लागेको थियो फिल्म खेल्न पाइने भयो । हामी घरबाट निस्किएर अलिपर पुगेपछि मैले सोधें दाइ फिल्म कहिलेबाट गर्ने ? उहाँले भन्नुभयो कि पर्सीबाट सुटिङ । म पनि छु नी है ? उहाँले तिमीले अब खेल्ने पनि मुख्य सहायक निर्देशन पनि गर्ने भन्नुभयो । केही नै थाहा छैन कसरी गर्ने भनें मैले । तिम्रो दिमाग राम्रो चल्छ तिमी छिट्टै जान्ने हुन्छौ भन्नुभयो उहाँले । त्यसपछि 'नयाँ नेपाल' विद्रोह टेलीचलचित्र लगातार गरें उहाँसँग, पछि नेपाली कथानक चलचित्र पागल पन र इलाका पनि उहाँसँगै गरें ।

**वास्तवमा निर्देशकको जिम्मेवारी चाहिँ के हो जस्तो लाग्छ ?**

निर्देशकको जिम्मेवारी निकै ठूलो छ । कुनै चलचित्र बनाउँदा यदि दर्शकहरूमा पर्ने सकारात्मक र नकारात्मक पक्षहरू राम्रोसँग अध्ययन नगरी गरियो भने जनमानसमा निकै ठूलो असर हुन्छ । सही विषयवस्तु, कलाकारको चरित्र, परिवेश अनुसार भेषभुषा, भाषा, धर्म संस्कार, संस्कृति सबैको राम्रो अध्ययनले मात्रै सही जिम्मेवारी वहन हुन्छ । नेपाल विभिन्न जातजाती बसोबास गरेको देश हो । हरेक जातजातीको आ-आफ्नो कला, भेषभुषा, रिती रिवाज धर्म संस्कृति चाडपर्वहरू छन् । यी कुरा बाहेक कुनै पनि क्षेत्र, परिवेश नबुझ्री चलचित्र बनाइयो भने भ्रममात्र हुन्छ, त्यसैले समाजलाई सही दिशानिर्देश गर्ने, पुराना मान्यताहरू, भाषाको सही प्रयोग, भेषभुषाको सही प्रयोग, धर्म संस्कार संस्कृतिहरू नयाँ पुस्तामा पुऱ्याउन सक्ने प्रभावकारी माध्यम चलचित्र भएका कारण निर्देशकको जस्तो सामाजिक दायित्व अरूमा कहाँ होला । समाजको सही मेरूदण्डीय भूमिका हुन ज़रूरी छ ।

**फिचर्स फिल्मको निर्देशक म्युजिक भिडियोमा देखिनुको कारण ?**

अहिले कोरोना संक्रमणका कारण एक वर्षयता चलचित्र बानाउने, चलाउने माहोल छैन, भिडियो युट्युब मार्फत घरघर हातहातमा पुग्ने हुँदा आफ्नो कामको निरन्तरताको एक पाटो यो भएकोले भिडियो गरेको हो । अर्को कुरा अमेरिका आएर यहाँ नै चलचित्र बनाउन सक्ने अवस्था तत्काललाई छैन । भिडियो बनाउन सजिलो छ । सबै दर्शक सामू पुऱ्याउन पनि सजिलो छ ।

**एउटा फिल्म सफल हुन के-के कुरामा ध्यमा दिनुपर्छ ?**

विषयवस्तुको गहिरो अध्ययन, पात्र परिवेश, पहिरनको सही छनोट, आवश्यक लगानी र सामग्रीको व्यावस्थापन, समाजको चासो र खोजीको कथा नै हो सफलताको कडी ।

**निर्देशनको मैदानमा आफुलाई कहाँ पाउनुहुन्छ ?**

म निर्देशकका हिसावले फुच्चे, सिक्दै गरेको सिकरू हुँ । चलचित्रका संघसंस्थाको नेतृत्वका हिसावले निकै सफल हुँ जस्तो लाग्छ ।

**भविष्यका लागि के सोच्नु भएको छ ?**

चलचित्र निर्माण/निर्देशन नै हो मेरो काम, अडियो भिडियोमै जीवन बित्छ ।

**अमेरिकामा रहनुभएको पनि वर्षौं बितिसकेको छ, हलिउड र कलिउडबीच चलचित्र निर्माणमा के भिन्नता पाउनु भयो ?**

तुलना नै गर्न सकिन्न जस्तो लाग्छ । यीनीहरूको लगानी, मेहनत, अध्ययन, लगाव सबै हेर्दा हामी त चलचित्रमा थिरिथिरि गरेको जस्तो लाग्छ ।

**अमेरिकामा नेपाली चलचित्र प्रदर्शनको सजिलो उपाय के हुन सक्छ र तपाईंको तर्फबाट कस्तो पहल भैरहेको छ ?**

■ ■ ■

म अमेरिका आएपछि यहाँ कसरी नेपाली चलचित्र चलाउन सकिन्छ भनेर निकै स्टेटहरू गएँ, छलफल गरें । नेपालीले मात्र हेर्ने त्यो पनि शनिबार र आइतबारमात्र बिदा हुने भएकाले हलमा चलाउन निकै ठूलो रकम तिर्नुपर्ने जुन पैसा उठाउन सकिँदैन रहेछ ।

■ ■ ■

म अमेरिका आएपछि यहाँ कसरी नेपाली चलचित्र चलाउन सकिन्छ भनेर निकै स्टेटहरू गएँ, छलफल गरें । नेपालीले मात्र हेर्ने त्यो पनि शनिबार र आइतबारमात्र बिदा हुने भएकाले हलमा चलाउन निकै ठूलो रकम तिर्नुपर्ने जुन पैसा उठाउन सकिँदैन रहेछ । शनिबार र आइतबार बाहेक अरूदिन हल सस्तो हुन्छ तर नेपाली दर्शकको बिदा हुँदैन । निकै अप्ठेरो छ । नेपाल जस्तै यहाँ हलमै रिलिज गरौं भन्दा हाम्रो लो बजेटमा बनेको चलचित्रले विदेशी चलचित्रसँग कम्पिटिशन गर्न नसक्ने, हाम्रो भाषा बोल्ने बुझ्ने दर्शक कम भएका कारण तत्काल असम्भव देखें ।

**अमेरिकामा पनि 'लेक्सिनटन दोहरी' कार्यक्रम सञ्चालन गरिरहनु भएको छ, यसको उद्देश्य चाहिँ के हो ?**

अमेरिका आए पनि कला क्षेत्रको मान्छे त्यो पनि निकै सक्रियहरू भित्र म पनि पर्छु । यहाँ बसिसकेपछि यहाँ सबै व्यावसायिक कलाक्षेत्रका मानिसहरू नभएका कारण एक दुई म्युजिक भिडियोले मात्र यहाँ अडियो भिडियोको माहोल बन्दैन, दोहोरी हाम्रो माटोको सुगन्ध बोकेको गीत हो । त्यसैले सबैले अभिरूचीका साथ हेर्नेसुन्ने हुँदा एक किसिमको माहोल सिर्जना हुन्छ । र, आपसमा भेटघाट हुने थलो पनि हो ।

**अधिकांश कलाकर्मीहरूले अमेरिका सपना देख्नुको कारण के होला ?**

लामो समय चलचित्रमा काम गर्दा संघसंस्थामा काम गर्दा के देखियो भने काम गरिरहँदा त ठिक ठिकै हुन्छ, केही कारणवस काम गर्न सकिएन भने न सोसल सेक्युरिटी पाइयो, न हेल्थ प्रोटेक्सन नै पाइयो, निकैको बिजोग अवस्थाले सचेत बनायो । यहाँ काम चाहिँ गर्नुपर्छ तर बिजोग नै चाहिँ हुँदैन ।

**नेपाल आएर पुनः निर्देशनमा सक्रिय हुने सोच बनाउनु भएको छ ?**

मेरो लाइफभरिको पेशा नै चलचित्र हो । यो समय एक चलचित्र सुटिङ थियो मेरो कोरोनाले माहोल बिग्रियो । परिस्थिति सुध्रियसँगै काम गर्छु ।

**कोरोना भाइरसका कारण लकडाउन र निषेधाज्ञा भएयता चलचित्र क्षेत्रमा आश्रित कलाकार, प्राविधिकहरू लामो समयदेखि बेरोजगार बनेका छन्, उनीहरूको राहतका लागि केही पहल गर्नु भएको छ कि ?**

यहाँ हामीले चलचित्र निर्देशक र केही मन मिल्ने चलचित्रकर्मी मिलेर एक ग्रुप बनाएका छौं । नेपालमा अप्ठेरोमा परेका चलचित्रकर्मीहरूलाई नेपाल चलचित्र निर्देशक समाज मार्फत सक्दो सहयोग गरिरहेका छौं ।

**अहिलेको अवस्थामा नेपाली चलचित्रको भविष्य कस्तो देख्नुहुन्छ ?**

अब केही समयलाई परिस्थिति अनुकुल छैन । धैर्यताको आवश्यकता छ ।

**अन्त्यमा ...?**

सबै चलचित्रकर्मी साथीहरूमा नआत्तिन आग्रह गर्दछु । के सकिन्छ गर्दै गरौं युट्युवबाट, टिभीबाट काम निरन्तर गरौं । परिस्थिति अनुकुल हुने बितिकै चलचित्र निर्माणलाई अगाडि बढाउनु पर्छ ।

## ग्लोबल एनआरएन सिंगिङ आइडलमा उत्कृष्ट २० छानिए

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० साउन




ग्लोबल एनआरएन सिंगिङ आइडल-२०२१ को पहिलो संस्करणमा विश्वका विभिन्न देशबाट भाग लिएका प्रतिभाहरु मध्येबाट उत्कृष्ट २० छानिएका छन् । 'नेपाली कला संस्कृति संरक्षण र पहिचान, एनआरएनए दोस्रो पुस्ताको अभियान' भन्ने नारा लिएर आयोजना गरिएको ग्लोबल एनआरएन सिंगिङ आइडल सेकेन्ड जेनेरेसन सिजन-१ को गाला राउन्डको दोस्रो चरणबाट उत्कृष्ट २० जना छनोट भएका हुन् ।

उत्कृष्ट २० मा युवराज गुरुङ (क्यानडा), बीबी मल्ल ठकुरी (कुवेत), नरेन्द्र मल्ल (कतार), सन्देश गुरुङ (अमेरिका), गोविन्द गुरुङ (कतार), आकाश न्यौपाने (जापान), कविता आरबिएम (युएई), वामदेव भाट (बहराइन), सुरेन घताङ 'शिव' (कोरिया), किशोर लम्साल (कतार) रहेका छन् ।

त्यसैगरी, कपिल पाइजा पुन मगर (आयरल्याण्ड), सागर विश्व सेञ्चुरी (कुबेत), दीपेश सिग्देल (नर्वे), राधिकाकुमारी गोले (कोरिया), रामचन्द्र राई (कतार), अमित बिष्ट (युएई), कृष्ण खबास (युएई), प्रतिक सिडब्ल्यूए परियार (बहराइन), सतिश थापा (कतार) र रेशु स्याङ्दान (बहराइन) रहेका छन् ।

एनआरएनए मध्यपूर्व युवा संयोजक राज रेग्मीको अध्यक्षतामा शुक्रबार सम्पन्न गाला राउन्डको दोस्रो चरणमा २५ जना प्रतिस्पर्धीले प्रस्तुति दिएका थिए ।रेग्मीका अनुसार निर्णायकको मत ६० प्रतिशत र भोटिङ मार्फत प्राप्त ४० प्रतिशत मतका आधारमा प्रतिस्पर्धी छानिने गरेको बताए । कार्यक्रममा संघका अध्यक्ष कुमार पन्तले नेपाली भाषा, कला र संस्कृति असाध्यै धनी रहेको बताउँदै यसलाई विश्वभरि फैलाउनका लागि दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूको भूमिका महत्वपूर्ण रहने बताए ।

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्, मध्यपूर्व क्षेत्रीय यूवा समतिले आयोजना गरेको 'यस कार्यक्रम डिजिटल अडिसन, ओपनिङ राउन्डको अन्तरा, सारेगम र पियानो राउन्ड पार गर्दै छनोट भएका २५ जनामध्येबाट 'गाला राउन्ड'को दोस्रो चरणमा २० जना छानिएका हुन् । निर्णायकहरू गायक उदय सोताङ र विजय लामा तथा गायिका प्राश्ना शाक्य र सुनिता दुलाल रहेका छन् ।

ग्लोबल एनआरएन सिंगिङ आइडलका विजेताले ७ लाख रुपैयाँ प्राप्त गर्ने छन् भने दोस्रो पुरस्कार चार लाख रुपैयाँ, तेस्रो पुरस्कार दुई लाख रुपैयाँ, चौथो पुरस्कार एक लाख रुपैयाँ र पाँचौं पुरस्कार ५० हजार रुपैयाँ तोकिएको छ । ग्राण्ड फिनालेमा प्रवेश पाउने ५ जना प्रतियोगीहरूलाई गीति एल्बममा गाउने अवसर प्रदान गरिने आयोजकले जनाएको छ ।

# प्रधानमन्त्री देउवाले पारसलाई दिए धन्यवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन



प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान पारस खड्कासँग भेटेका छन् । पारसले शनिबार प्रधानमन्त्री देउवासँग भेट गरेका हुन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटपछि ट्वीटरमार्फत् प्रधानमन्त्री देउवाले खड्कालाई दुई दशकमा नेपाली क्रिकेटले हासिल गरेका हरेक सफलता र जितका साथै क्रिकेटमा झन् ठूलो सपना देख्न प्रेरित गरेकोमा धन्यवाद दिएका छन् ।

भेटमा प्रधानमन्त्री देउवाले आफू क्रिकेट खेलको विकासका लागि सहयोग गर्न सधैं तयार रहेको बताएका थिए । उनले पारसलाई भने, 'नेपाल र नेपालीको शिर उँचो बनाउन जिन्दगीको दोस्रो इनिङ्गमा पनि सफलता मिलोस् ।'

२०१९ मा नेपाली क्रिकेटको कप्तानी छाडेका पारसले दुई साताअघि खेलाडी जीवनबाट सन्न्यास लिएका थिए । पारसले पनि ट्वीटरमार्फत नै प्रधानमन्त्री देउवाको बधाईको जवाफ दिएका छन् । उनले प्रधानमन्त्रीलाई आगामी दिनमा नेपाली क्रिकेटको वृद्धि र विकासमा सहयोग गर्ने आश्वासन दिनुभएकोमा धन्यवाद भनेका छन् ।

नेपाली क्रिकेटका सर्वाधिक सफल खेलाडी र कप्तान पारसले आफ्नो नेतृत्वमा नेपाललाई डिभिजन फाइभ देखि ओडिआई मान्यता तथा टि २० विश्वकप सम्मको ऐतिहासिक सफलता दिलाएका थिए । पारसले अव क्यान नेतृत्वमा जाने लक्ष्य राखेका छन् । त्यसको लागि पारसले तयारी थाल्न लागेका छन् ।

यसअघि गत बिहीबार सत्तारुढ नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले पनि क्रिकेटर खड्कासँग भएको भेटको तस्बिर सार्वजनिक गरेका थिए । उनले उक्त तस्बिर खड्काले अन्तराष्ट्रिय क्रिकेटबाट सन्यास लिएको दोस्रो दिनको भएको पनि ट्वीटरमा उल्लेख गरेका थिए ।

गण्डकी प्रदेशका कानूनमन्त्री भन्छन्-

# खेलाडीलाई सहयोग गर्ने नीति ल्याउँछौं

**मध्यान्ह संवाददाता**
पोखरा, ३० साउन



गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले खेलाडीमैत्री कानुन बनाउने बताएका छन् । नेपाल लोकतान्त्रिक खेलकुद संघ गण्डकीले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा बोल्दै उनले खेल क्षेत्रमा व्याप्त विकृति न्यूनीकरणका लागि कानुन आवश्यक रहेको बताए ।

उनले हालसालै जापानमा भएको ओलम्पिक खेलकुदमा ५ जना खेलाडीका पछाडि २५ प्रशिक्षक बनेर जाँदा खेलाडीको सम्मान नभएको टिप्पणी गरे । उनले छिट्टै गण्डकीमा मुख्यमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने लक्ष्य रहेको समेत जानकारी दिए ।

नेपाल लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्रकुमार शेरचनले खेल क्षेत्रभित्रको विकृति विसंगतिविरुद्ध लोकतान्त्रिक खेलकुद कडारुपमा प्रस्तुत हुने बताए । उनले भने खेल क्षेत्रको एकाधिकार तोडेर खेलाडीमैत्री बनाउन लाग्ने बताए ।

लोकतान्त्रिक खेलकुद संघ गण्डकी अध्यक्ष हरिश्चन्द्र पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा काँग्रेसका नेता सोभियतबहादुर अधिकारी, कांग्रेस क्षेत्र नम्वर १ का सभापति बृजमान गुरुङ,पोखरा ९ का वडा अध्यक्ष रामराज लामिछाने, संघका उपाध्यक्ष विद्या मरासिनी, प्रदेशका सहसचिव हरि खनाल लगायतले बोलेका थिए ।

संघको स्थापना दिवसको अवसरमा रचनात्मक काम गरौ भन्ने योजना अनुसार रंगशालामा बृक्षारोपण गरेको गण्डकी अध्यक्ष पोखरेलले वताए । रंगशालालाई हरियाली बनाउदै खेलाडीहरुलाई खेलेर छहारीमा थकाई मार्न पनि वृक्षारोपणको भूमिका अहम रहेको उनको भनाइ थियो ।

पोखरा रंगशालामा भएको वृक्षरोपणमा विभिन्न जातका ७५ बिरुवा रोपिएको थियो । लोकतान्त्रिक खेलकुद संघ गण्डकीमा नयाँ नेतृत्व आइसकेपछि वृक्षरोपणसँगै जिल्लाका अध्यक्षहरुसँग अन्तर्क्रिया गरिएको थियो । नयाँ खेलाडी उत्पादनका लागि खेललाई जिल्लाजिल्लामा कसरी बिस्तार गर्ने भन्नेबारेमा समेत छलफल भएको थियो ।

मैत्रीपूर्ण फुटसल प्रतियोगिता

# टोखा नगरपालिकाविरुद्ध ६ गोल गर्दै तारकेश्वर नगरपालिका विजयी

**काठमाडौं/मस-** तारकेश्वर नगरपालिका र टोखा नगरपालिकाका कर्मचारी बीच मैत्रीपूर्ण फुटसल प्रतियोगिता सम्पन्न भएको छ । खेल शनिबार तारकेश्वर नगरपालिकाको वडा नं. १० मा सञ्चालन भएको थियो ।

दुई नगरपालिकाका कार्मचारी बीच भएको मैत्रीपूर्ण खेलमा तारकेश्वर नगरपालिकाले ६ गोल र टोखा नगरपालिकाले ४ गोल गरेसँगै २ गोलको अग्रताले तारकेश्वर नगरपालिका विजयी भएको हो ।

अन्तर नगरपालिकास्तरीय मैत्रीपूर्ण प्रतियोगितामा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, तारकेश्वर नगरपालिकाका उपप्रमुख भवानी डोटेल धिताल तारकेश्वर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्साल, टोखाका प्रकाश आचार्य लगायतले प्रतियोगिता अवधिभर खेलमा आफ्नो दमदार प्रस्तुतिसहित सहभागी बनी खेलाडीहरूको मनोबल उच्च राख्नुका साथसाथै आफ्नो उत्कृष्ट खेल प्रस्तुत गरेका थिए ।

टोखा नगरपालिकाका नगर प्रमुख अधिकारी र तारकेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले संयुक्त रुपमा एकअर्का टिममा पालैपालो पेनाल्टी हानेर १/१ गोल बनाउँदै खेलको शुभारम्भ गरेका थिए ।

## Invitation for Bids

## Education Development Directorate

Rajpur, Doti

Sudurpaschim Province, Nepal

**INVITATION FOR BIDS FOR THE CONSTRUCTION OF HOSTEL & CAMPUS BUILDINGS**

**Date of publication: (August 15, 2021) 2078/04/31**

1. Education Development Directorate Rajpur, Doti has allocated funds received from Ministry of Social Development Sudurpaschim Province to cover eligible payments under the Contract for Construction of different Hostel & Campus Buildings. Bidding is open to all eligible Nepalese Bidders.
2. Education Development Directorate Rajpur Doti invites electronic bids from eligible bidders for the construction of Construction of Hostel Buildings in different district under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT(NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/EDD /078/79/HB/10 | Construction of Hostel Building for JanaJagriti Ma. Vi. Chhauri, Lamki Chuhaa-05, Kailali | 6715455.38 | 160000/- | 3000/- | Hard Copy Not Acceptable |
| 2 | NCB/EDD /078/79/HB/11 | Construction of Hostel Building for Rastriya Ma. Vi. Bijayapur, . Kailari-02, Kailali | 6673807.85 | 160000/- | 3000/- | Hard Copy Not Acceptable |
| 3 | NCB/EDD /078/79/HB/12 | Construction of Hostel Building for Mahendra Ma. Vi. (Sadharan) Bhimdatta-18, Kanchanpur | 6722977.00 | 180000/- | 3000/- | Hard Copy Not Acceptable |
| 4 | NCB/EDD /078/79/HB/13 | Construction of Hostel Building for Punarbash Janata Ma. Vi. Punarbash-06, Kanchanpur | 6714094.00 | 160000/- | 3000/- | Hard Copy Not Acceptable |
| 5 | NCB/EDD /078/79/ DMC/14 | Construction of Campus Building for Doti Multiple Campus, Dipayal Silgadhi-06, Doti | 14648933.40 | 350000/- | 3000/- | Hard Copy Not Acceptable |

3. Bidder should submit their bid electronically and may down load the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswo (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank, Doti**
   Name of Office: Education Development Directorate, Rajpur, Doti
   Office account no.: 1000100200010000 (Rajaswo) Revenue Code: 14229
   Office code: 3500171017
4. Pre-bid meeting on 2078/05/20 @ 12:00 Noon
5. Electronic bids must be submitted on or before 12:00 Noon on 2078/05/29.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2078/05/29 at the city office Dhangadhi of Education Development Directorate, Rajpur, Doti Bids must be valid for a period of **90 (Ninety) days after bid opening** and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting NRs. **160000.0** which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank: **Rastriya Banijya Bank, Doti**
   Name of Office: Province Account Controller Office Unit, Doti
   Office account no.: 4100100202030000, Office code: 3500171017
7. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction different Hostel & Campus Building in districts. Education Development Directorate Rajpur, Doti reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board or official website: www.eddsp.gov.np of the Education Development Directorate Office, Rajpur, Doti 094-440309

*Director*
*Education Development Directorate*
*Rajpur, Doti*


**साउदीमा रोजगारको अवसर** | कम्पनी: MANA AL HAIDER CONT.EST
शहर: JUBAIL

LT. No.: 236968 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब SR | ने. रु. | छ |
|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | 1000 | ३१,६०० | छ |

(22 August 2021)

**ALON OVERSEAS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com

**कतारमा रोजगार** | कम्पनी : NAVAYUGA ENGINEERING COMPANY WLL
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/१०/१६ चलानी नं.: ६०१५४३०८ LT. No.: 235857 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 15 | 0 | स. काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ६ गते (22 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ११८०/०७३/७४

**Fine Job Recruitment Pvt.Ltd.**
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np


**ढुंगा ,गिट्टी, बालुवा तथा ग्राभेल उत्खनन् आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति २०७८/०४/३१ गते**

२ नं. प्रदेश, सप्तरी जिल्ला, सप्तकोशी न.पा.को पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम:**<br>**ठेगाना:**<br>**टेलिफोन नं र इमेल:** | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा,<br>सप्तकोशी न.पा., सप्तरी, २ नं. प्रदेश, नेपाल<br>०३१-५५००१९, saptakoshimun@gmail.com |
| **प्रस्तावको व्यहोरा:** | सप्तकोशी न.पा.को त्रियुगा नदि, गंगाजली खोला, र मलेट खोलाक्षेत्रमा गरिने नदि उत्खनन् तथा संकलन कार्य |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.:** | सप्तरी जिल्ला, सप्तकोशी न.पा.को वडा नं.३, ५, १० र ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**
**श्री पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा,**
**सप्तकोशी न.पा., सप्तरी, २ नं. प्रदेश, नेपाल**
**टेलिफोन नं: ०३१-५५००१९, इमेल: saptakoshimun@gmail.com**

**परामर्शदाताको नाम र ठेगाना:**
**इन्फ्राटेक डिजाइनर्स एण्ड बिल्डर्स प्रा.लि.,**
**टोखा, काठमाण्डौं, नेपाल,**
**टेलिफोन नं: ९८०८४२८५६०**


**साउदीमा रोजगार** | कम्पनी: AL BAZ UNITED CONT. COMPANY
शहर: Riyadh

पुर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३४३ LT. No.: 233692 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truch Driver | 2 | 0 | | 1900 | ६०,०४० | | | | | | | |
| 3. | Glass Installation Worker | 5 | 0 | | 1500 | ४७,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ६ गते (22 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२२०/०७४/७५

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com



## चारतारे चेन होटल

राजधानीको प्रमुख पर्यटकीय केन्द्र ठमेलमा सञ्चालनमा आएको 'रमदा इन्कोर' चारतारे चेन होटल ।
तस्वीर : अच्युत रेग्मी/रासस

## शाओमीको नयाँ सेवा केन्द्र वीरगञ्जमा

**काठमाडौं/मस–** शाओमीले नेपालमा थप अर्को आफ्नो अथोराइज्ड सर्भिस सेन्टर (एएससी) को घोषणा गरेको छ । कम्पनीले वीरगन्जमा नयाँ केन्द्रको घोषणा गरेको हो । शाओमीका अन्य सेवा केन्द्रहरु काठमाडौँ, पोखरा, नेपालगन्ज, नारायणघाट, धनगढी, बुटवल र इटहरीमा रहेका छन् ।

सो अवसरलाई सम्बोधन गर्दै कन्ट्री जनरल म्यानेजरसौरभ कोठारीले ग्राहकहरुलाई अझ बढि सहजता दिन केन्द्रको विस्तार गरेको बताए । उनले कम्पनीले गुणस्तरलाई थप ध्यान दिएको भन्दै ढुक्क भएर ब्राण्डका सामानहरु प्रयोग गर्न सुझाए ।



कम्पनीले जनाएअनुसार लन्चको पहिलो हप्ता शाओमीका उत्पादनहरुमा र वारेन्टी नभएको मोडेलहरुमा सहित निःशुल्क सेवाको लाभ उठाउन सक्नेछन् । शाओमी नेपालले यसका लागि एउटा सेवा शिविर स्थापना गर्ने छ । मी फ्यानहरुले शाओमी नेपालको सामाजिक मिडिया ह्यान्डलमा सेवा शिविर समयको जाँच गर्न सक्दछन् ।

### उद्योगीसँग अर्थमन्त्रीको छलफल

# 'उत्पादन केन्द्रित अर्थतन्त्र निर्माणका लागि गुणात्मक प्रयत्न गरौं'

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ३० साउन ।



अर्थमन्त्री जनार्दन शर्माले उत्पादन केन्द्रित अर्थतन्त्र निर्माणको लागि गुणात्मक प्रयत्न गर्न निजी क्षेत्रलाई आग्रह गरेका छन् । नेपाल उद्योग वाणिज्य संघ काठमाडौंले शनिवार भर्चुअल रुपमा आयोजना गरेको दोस्रो वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले उत्पादन बृद्धि गरेर आयात प्रतिस्थापन गर्नेतिर लाग्नुपर्नेमा जोड दिए ।

निर्यातमुखी अर्थतन्त्र निर्माणका लागि उत्पादन बृद्धि गर्नु अपरिहार्य रहेको भन्दै उनले यसमा निजी क्षेत्रको सहयोगको आवश्यकता औंल्याए । कोभिड १९ संकटको बेला निजी क्षेत्रले राहत महशुस गर्ने गरी सरकारले पाइला चाल्ने जानकारी गराउँदै उनले भर्खरै सार्वजनिक मौद्रिक नीतिमार्फत यसलाई सम्बोधन गर्ने प्रयास गरिएको बताए ।

राष्ट्रलाई आत्मनिर्भर बनाउने अभियानमा लाग्नको लागि निजी क्षेत्रले के कस्तो नीतिगत सुधार चाहन्छ त्यसका लागि सरकार तयार रहेको मन्त्री शर्माको भनाइ छ । उनले अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याउन समेत निजी क्षेत्रको सहयोग रहने अपेक्षा गरे । राष्ट्रिय सम्पत्ति कति हो भन्ने कुरा मूल्याङ्कन गरेर वैदेशिक लगानीको लागि समेत उपयुक्त वातावरण निर्माण गर्ने र राष्ट्रको समग्र पुँजी निर्माण गर्नतिर लाग्नुपर्नेमा समेत मन्त्री शर्माको जोड छ ।

### मौद्रिक नीति अपेक्षाकृत

भर्चुअल सभामा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले सरकारले सार्वजनिक गरेको मौद्रिक नीतिले कोभिडपछिको पुनरुत्थान तथा साना एवं मझौला उद्यमको विस्तारमा विशेष ध्यान दिएको भन्दै त्यो सकारात्मक भएको टिप्पणी गरे । उनले सरकारको राहत योजना विकसित मुलुकको जस्तो सिधै नगद दिने खालको नभएपनि सुधारमा सहयोगी रहेको बताए ।

उद्योग वाणिज्य महासंघले १० वर्षमा १५० अर्ब अमेरिकी डलर बराबरको पुँजी निर्माण हुने अपेक्षाका साथ 'राष्ट्रिय आर्थिक रुपान्तरण २०३० (नेट २०३०)' नामक भिजन पेपर तयार पारेको जानकारी दिँदै अध्यक्ष गोल्छाले यसबाट थप २२ लाखलाई औपचारिक रोजगार बनाउने योजना रहेको बताए । यो लक्ष प्राप्तिको लागि १० प्राथमिकताका क्षेत्र र एक सय पहल पहिचान गरेको उनले जानकारी दिए ।

नेपाल उद्योग बाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठले नवगठित सरकारले सम्पूर्ण नागरिकलाई कोभिड १९ विरुद्धको खोप उपलब्ध गराई अर्थतन्त्र जोगाउने संकल्प सहितको नीति लिएकोमा आभार व्यक्त गरे । उनले 'एक प्यान, एक खोप' नीति अघि सार्न सरकारसँग माग गरे । यसले अर्थतन्त्र जोगाउन मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे ।

## संक्षिप्तमा अर्थ

### गरिमाको खुद नाफा ४३ प्रतिशतले बढ्यो




**काठमाडौं/मस–** गरिमा विकास बैंकको नाफा करिब ४३ प्रतिशतले वृद्धि भएको छ । बैंकले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा ४२.९७ प्रतिशत अर्थात् २४ करोड ८० लाख रुपैयाँ खुद नाफा थप गरेको हो । अघिल्लो आवमा बैंकले ५७ करोड ७२ लाख ५५ हजार रुपैयाँ खुद नाफा गरेकोमा गत आवमा ८२ करोड ५२ लाख ८८ हजार रुपैयाँ पुर्‍याउन सफल भएको छ ।

बैंकद्वारा सार्वजनिक गत आवको अपरिष्कृत वित्तीय विवरण अनुसार सो अवधिमा बैंकको वितरण योग्य नाफा भने ६० करोड ५७ लाख १२ हजार रुपैयाँ छ । हाल बैंकको कायम चुक्ता पुँजी ३ अर्ब २३ करोड ३८ लाख रुपैयाँ हो । जसअनुसार गत आवको नाफाबाट बैंकले सेयरधनीलाई १८.७० प्रतिशत लाभांश वितरणको क्षमता राख्छ । यसैगरी, गत आवमा बैंकले ६३ अर्ब ९० करोड २० लाख रुपैयाँ निक्षेप संकलन गरी ५१ अर्ब ८० करोड ५५ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ । जसबाट बैंकले सो अवधिमा १ अर्ब ९३ करोड ६५ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । जुन अघिल्लो आवको तुलनामा १९.३७ प्रतिशत बढी हो । साथै, सो अवधिमा बैंकले ३३.८४ प्रतिशतले थप गरी २ अर्ब २५ करोड १ लाख रुपैयाँ पुर्‍याएको छ ।

समीक्षा अवधिमा बैंकको खराब कर्जा अनुपात ०.७२ प्रतिशत, पुँजीकोष अनुपात ११.४२ प्रतिशत, कोषको लागत ६.१७ प्रतिशत, बेसरेट ८.१७ प्रतिशत र स्पेडरेट ४.५ प्रतिशत छ । साथै, सो अवधिमा बैंकको प्रतिसेयर आम्दानी २२ रुपैयाँ ४५ पैसा, प्रतिसेयर नेटवर्थ १ सय ४४रुपैयाँ ०१ पैसा, मुल्य आम्दानी अनुपात २४.२३ गुणा र तरलता अनुपात २४.४६ प्रतिशत रहेको छ ।

### एसबिआईले पायो 'बेष्ट कर्पोरेट बैंकिङ सोलुसन नेपाल अवार्ड'



**काठमाडौं/मस–** नेपाल एसबिआई बैंकले 'बेष्ट कर्पोरेट बैंकिङ्ग सोलुसन नेपाल अवार्ड २०२१' पाएको छ । लण्डनस्थित क्यापिटल फाइनान्स इन्टरनेशनल (सीएफआई सीओ)ले बैंकलाई उक्त अवार्ड प्रदान गरेको हो । उक्त सम्मान सीएफआई सीओद्वारा कार्यसम्पादन उत्कृष्टताको आधारमा वार्षिक रुपमा प्रदान गरिन्छ । १९९३ मा स्थापित नेपाल एसबिआई बैंकले आफ्ना १० लाखभन्दा बढी ग्राहकलाई ११८ आउटलेटबाट ५१ जिल्लामा सेवा प्रदान गर्दै आएको छ ।

### ग्लोबलले कोरियाबाट फर्केका नेपालीलाई सहुलियत कर्जा दिने

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले कोरियाबाट फर्किएर विभिन्न पेशामा संलग्न उद्यमीहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने भएको छ । जसको लागि बैंकले अंकुर नेपालसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ । समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र अंकुर नेपालका अध्यक्ष लालप्रसाद भट्टराईले हस्ताक्षर गरेका छन् ।




कोभिड-१९ को महामारीबाट उत्पन्न समस्या तथा अन्य कारणबाट नेपाल फर्किएर कोरियामा आर्जित सीप तथा आय-आर्जनलाई स्वदेशमा व्यवसाय तथा रोजगारी श्रृजना गर्न उत्प्रेरित गर्ने उद्देश्य लिएका व्यवसायीहरुलाई सहयोग गरी पूर्ण रोजगारी र समृद्धिको दिशातर्फ अघि बढ्ने एक अभियानका रुपमा संचालन गर्न बैंक र अंकुर नेपालबीच सहुलियत कर्जासम्बन्धी सहकार्यका लागि सहमति भएको हो । यस समझदारीबाट वैदेशिक रोजगारीबाट सीप र अनुभव सहित स्वदेश फर्किएका युवालाई पुनः विदेशिनु पर्ने बाध्यतालाई रोकी उद्यमशीलतासँग जोडेर विदेशबाट आर्जित सीप, अनुभव र पुँजीको स्वदेशमै सदुपयोग गर्दै स्वरोजगार बन्न सहयोग पुग्नेछ । यसका लागि बैंकले विभिन्न बैंकिङ्ग सेवा सुविधाहरु सहज तथा सहुलियत रुपमा प्रदान गर्नेछ ।

यसका साथै, सरल तथा सहज तरिकाले कर्जा प्राप्त गर्नका लागि क्षमता विकास गरी सक्षम बनाउने, उद्यमशीलताका माध्यमबाट व्यक्तिलाई उत्पादनसँग जोड्ने र रोजगारी सिर्जना गर्ने तथा स्वरोजगारी र उद्यमशीलताको लागि नेपालमै संभावना छ भन्ने सकारात्मक सोचको प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुग्नेछ । ग्लोबल आइएमई बैंकले हाल ७६ जिल्लामा बैंकको २८० शाखा, २४८ एटीएम, २५७ शाखा रहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८५० सेवा केन्द्रबाट २३ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

# एनआईसी एशियाको नाफा सवा ३ अर्ब
## व्यवसाय वृद्धिदर उच्च

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन ।




एनआईसी एशिया बैंकले आर्थिक वर्ष २०७७/७८ मा ३ अर्ब २५ करोड खुद मुनाफा आर्जन गरेको छ । यो नाफा गत आर्थिक वर्षको भन्दा करिव ५ प्रतिशत बढी हो । बैंकले वार्षिक प्रतिशेयर आम्दानी २८.११ पुर्याएको छ । त्यसैगरी बैंकको स्व-पुँजीमा प्रतिफल १७.१४ प्रतिशत रहेको छ जुन वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी भएको उक्त बैंकको दावी छ ।

नाफामा सामान्य वृद्धि भए पनि बैंकको व्यवसायमा ऐतिहासिक वृद्धि भएको सो बैंकले जनाएको छ । आ.व. २०७७/७८ मा यस बैंकले कर्जातर्फ करिब ९१ अर्बको वृद्धि गरी कुल कर्जा रकम २६५ अर्ब पुऱ्याउन सफल भएको छ । जुन २७ वटै वाणिज्य बैंकहरु मध्ये सबैभन्दा धेरै हो । मुलुकका वाणिज्य बैंकहरूमा सोही अवधिमा भएको करिब ७१९ अर्बको कुल कर्जा वृद्धिमा यस बैंकको सर्वाधिक उच्च (१२.६६ प्रतिशत) बजार हिस्सा रहेको छ । आर्थिक वर्ष ०७७/७८ मा वाणिज्य बैंकहरुमा भएको कुल कर्जा वृद्धिको औसत प्रति बैंक कर्जा वृद्धि रकम करिब २४.१५ अर्बको तुलनामा यस बैंकको वृद्धि करिब ३.७६ गुणा रहेको छ ।

यसै गरी बैंकको स्वदेशी मुद्राको निक्षेपतर्फ करिब ९० अर्बले वृद्धि गरी कुल स्वदेशी मुद्राको निक्षेप संकलन २९८ अर्ब पुऱ्याउन बैंक सफल भएको छ । जुन २७ वटै वाणिज्य बैंकहरु मध्ये सबैभन्दा धेरै हो । मुलुकका वाणिज्य बैंकहरूमा सोही अवधिमा भएको करिब ६५५ अर्बको कुल वृद्धिमा यस बैंकको हिस्सा १३.५८ प्रतिशत रहेको छ । आर्थिक वर्ष ०७७/७८ मा वाणिज्य बैंकहरुमा भएको निक्षेप वृद्धिको औसत प्रति बैंक निक्षेप वृद्धि करिब २१.७३ अर्बको तुलनामा यस बैंकको वृद्धि करिब ४.१४ गुणा रहेको छ ।

कोभिड महामारीको बेलामा पनि बैंकले कर्जा असुलीमा सुधार गरेको छ । आ.व. २०७६/७७ को अन्त्यमा ०.७५ प्रतिशत रहेको निष्कृय कर्जालाई आ.व. २०७७/७८ को चौथो त्रैमाससम्ममा ०.४६ प्रतिशतमा झार्न बैंक सफल भएको छ । साथै, गत आर्थिक वर्षसम्ममा बैंकले कुल कर्जा लगानीको अंशमा करिब ८६ प्रतिशत साना तथा मझौला र रिटेल प्रकारका रणनीतिक क्षेत्रहरूमा विस्तार गरेको छ । साना तथा मझौला र कृषि कर्जा लगानीमा मुलुकका अन्य वाणिज्य बैंकहरू भन्दा यस बैंक अग्रणी स्थानमा रहेको छ ।

बैंकका प्रमुख १० ग्राहकलाई कुल कर्जाको ३.७ प्रतिशत दिएको छ । यस बैंकको कुल कर्जामा ५ करोड भन्दा कम सीमा भएका कर्जाहरूको अंश ९०.५६ प्रतिशत रहेको बैंकले जनाएको छ । बैंकले निक्षेपतर्फ पनि स-साना निक्षेप एवम् व्यक्तिगत निक्षेप वृद्धि गर्दै जाने रणनीति अवलम्बन गरेको छ ।

**मध्यान्ह**
राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासा भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298** | मो. नं.: **9851149919**

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल: **ad.madhyanha@gmail.com** मा पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**मध्यान्ह** राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298, 4226366**
मो. नं.: **9841885670**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**